विद्यार्थी सिकाइ परीक्षण र मूल्याङ्कनसम्बन्धी शिक्षक तथा प्रधानाध्यापकको बुझाइ र विद्यालयका अभ्यास

Teachers and Headteachers' Perceptions of the Testing and Evalution of Student Learning and Practices at Schools

देवीराम आचार्य [१]

[१]विद्यावारिधि शोधार्थी
काठमाडौँ विश्वविद्यालय
धुलिखेल, नेपाल

deviram.acharya@kusoed.edu.np

प्रकाशन : २०८२ असार
Publish: 2025 June

Doi: https://doi.org/10.3126/bns.v28i1.75707

This is an open access article distributed under the terms and conditions of the Creative Commons Attribution (CC BY NC)
https://creativecommons.org/licenses/by/4.0
© 2025 by the author

Journal
विकासको निम्ति शिक्षा
Bikashko Nimti Shiksha
ISSN: 2616-0188 (Print)
3021-954X (Online)
website: https://www.nepjol.info/index.php/bns

Published By
Research Centre for Educational Innovation and Development (CERID)
http://cerid.tu.edu.np

लेखसार

विद्यार्थीको सिकाइलाई प्रभावकारी बनाउन र सिकाइमा भएको कठिनाइ पत्ता लगाई सोअनुसारको सहयोग उपलब्ध गराउनका लागि शिक्षकमा विद्यार्थीको सिकाइ परीक्षणको राम्रो बुझाइ र सोअनुसार अभ्यास गर्ने सिप आवश्यक पर्छ । शिक्षक तयारीका रूपमा विद्यालय तथा विश्वविद्यालयमा विद्यार्थीको परीक्षणसँग सम्बन्धित सैद्धान्तिक ज्ञान र केही व्यावहारिक सिप पनि सिकाउने गरिन्छ । नेपालमा शिक्षक सेवा आयोगले शिक्षक हुनका लागि आवश्यक पर्ने अध्यापन अनुमतिपत्रको परीक्षा र शिक्षक छनोटको लागि लिने खुला प्रतियोगितात्मक र आन्तरिक प्रतियोगितात्मक परीक्षामा पनि सिकाइ परीक्षण र मूल्याङ्कनका विषयहरू समावेश गरिएको पाठ्यक्रम तयार गरेको छ । सेवाप्रवेशपछि हुने विभिन्न तालिमहरूमा पनि यस्ता विषयहरूको अभिमुखीकरण गरिन्छ । यो लेखको उद्देश्य शिक्षकको तयारी तथा सेवाप्रवेश र अन्य पेसागत तालिमको पाठ्यक्रममा समावेश भएका सिकाइ परीक्षण र मूल्याङ्कनसम्बन्धी विषयवस्तुको प्रयोगको अवस्था र सोअनुसार शिक्षकहरूमा भएको सिकाइ परीक्षणसम्बन्धी बुझाइको विश्लेषण गर्ने रहेको छ । विषयवस्तुको विश्लेषणका लागि त्रिभुवन विश्वविद्यालयको शिक्षाशास्त्र सङ्कायका स्नातक र स्नातकोत्तर तहको र शिक्षक सेवा आयोगको पाठ्यक्रमको विश्लेषण गरिएको छ भने विद्यालयका प्रधानाध्यापक र शिक्षकहरूमा भएको सिकाइ परिक्षणसम्बन्धी बुझाइको विश्लेषणका लागि संरचित प्रश्नावलीमार्फत ५३ जना सहभागीबाट परिमाणात्मक तथ्याङ्क र प्रतिनिधिमूलक रूपमा पाँच जना शिक्षक र प्रअबाट गुणात्मक सूचनासमेत सङ्कलन गरी विश्लेषण गरिएको छ । विश्वविद्यालय र शिक्षक सेवा आयोगको पाठ्यक्रममा धेरै विषयवस्तु एउटै रहेको देखिन्छ । विश्वविद्यालयको शिक्षक तयारी विद्यालयमा गर्ने अभ्यासका लागि पर्याप्त हुन सकिरहेको छैन । परिमाणात्मक तथ्याङ्कबाट विद्यालयमा प्रधानाध्यापक तथा शिक्षकहरूले सिकाइ परीक्षण कार्यलाई शिक्षण सिकाइको एउटा अवयवको रूपमा प्रयोग गर्न नसकेको पाइयो । यसैगरी सघन अन्तर्वार्ता, कक्षा १ देखि ३ सम्मका विद्यालयहरूले गरेका परीक्षासम्बन्धी अभ्यास र केही तथ्याङ्कले शिक्षक तथा प्रधानाध्यापकमा सिकाइ परीक्षणसम्बन्धी बुझाइमा पनि स्पष्टता हुन नसकेको पाइएको छ ।

शब्दकुञ्जी : परीक्षण, परीक्षण सिप, परीक्षा अभ्यास, मूल्याङ्कन, शिक्षक, सिकाइ

How to cite this article (APA)

English : Acharya, D. R. (2025). Teachers and headteachers' perceptions of the testing and evalution of student learning and practices at schools. *Bikashko Nimti, Shiksha. 28*(1), 31-54. https://doi.org/10.3126/bns.v28i1.75707

नेपाली : आचार्य, देवीराम (२०८२), विद्यार्थी सिकाइ परीक्षण र मूल्याङ्कनसम्बन्धी शिक्षक तथा प्रधानाध्यापकको बुझाइ र विद्यालयका अभ्यास, *विकासको निम्ति शिक्षा, २८*(१), ३१-५४ । https://doi.org/10.3126/bns.v28i1.75707

Abastract

To make student learning effective and to identify learning difficulties and provide support accordingly, teachers need to have a good understanding of the testing and evalution of student learning and skills to practice accordingly. As a teacher preparation, theoretical knowledge related to student testing and some practical skills are also taught in schools and universities. In Nepal, the Teacher Service Commission has prepared a curriculum that includes the testibg of learning and evaluation contents in the teaching license examination and open competition as well as the other internal competition examinations required for teacher selection. Orientation on such topics is also provided in various post-service training courses. The purpose of this article is to analyze the status of the use of learning testing and evaluation contents included in the curriculum of teacher preparation and pre-service and other professional training, and accordingly, the perceptions of testing and evaluation of learning among teachers. For the analysis of the content, the undergraduate and postgraduate curricula of the Faculty of Education of Tribhuvan University and the Teachers Service Commission have been analyzed. In order to analyze the perceptions of testing learning among school headteachers and teachers, quantitative data has been collected from a total of 53 participants and qualitative information has been collected from five teachers and headteachers as a representative sample through a structured questionnaire. It seems that numerous contents are the same in the curricula of the university and the Teachers Service Commission. The university's teacher preparation is not sufficient for practice in schools. From the quantitative data, it was found that the principals and teachers in schools have not been able to use tests as a component of teaching and learning. Similarly, from the intensive interviews, examination-related practices conducted by schools from grades 1 to 3, and some data it has also been found that the teachers and the headteachers have no clarity in the understanding of the testing of learning.

Keywords: Testing, testing skills, examination practice, evaluation, teacher, learning

विषय प्रवेश

विद्यार्थीको सिकाइ परीक्षण गर्ने कार्य औपचारिक शिक्षाको महत्त्वपूर्ण अवयव हो । विद्यार्थीको सिकाइ परीक्षण फरक फरक उद्देश्यले गर्ने गरिन्छ जस्तै, विद्यार्थीको सिकाइ प्रमाणीकरण गर्ने, समग्र शैक्षिक प्रणालीको मूल्याङ्कन गर्ने, नीतिगत सुधार तथा कार्यक्रमको विकास गर्ने, विद्यार्थीको तह वृद्धि गर्ने तथा विद्यार्थीको सिकाइमा सुधारका लागि पृष्ठपोषण दिने र सिकाइमा सहयोग गर्ने आदि (वागनर, २०११) । शिक्षकले शिक्षण सिकाइ क्रियाकलाप सञ्चालन गरिरहँदाकै क्रममा शिक्षण सिकाइ क्रियाकलापको एक अभिन्न अङ्गका रूपमा परीक्षण कार्य गर्ने र विद्यार्थीको सिकाइ सुधारका लागि प्रयत्न गर्ने कार्य परीक्षणको सबैभन्दा महत्त्वपूर्ण कार्य हो । विद्यार्थीको सिकाइमा सहयोग र सुधार गर्ने प्रयोजनका लागि गरिने परीक्षणमा शिक्षक स्वयम् सहभागी हुने, शिक्षकले नै परीक्षणको ढाँचा तय गर्ने र परीक्षणपश्चात् विद्यार्थीलाई आवश्यक सहयोग उपलब्ध गराउने (सिकाइका लागि मूल्याङ्कन) गर्छन । शिक्षकमा भएको सिकाइ परीक्षणसम्बन्धी बुझाइ र परीक्षणसम्बन्धी साक्षरता (परीक्षण साक्षरताले शिक्षकमा भएको परीक्षणसम्बन्धी ज्ञान र बुझाइको स्तरलाई जनाउँछ) को स्तरले विद्यार्थीको सिकाइ

सुधार गर्ने काममा महत्त्वपूर्ण भूमिका निर्वाह गर्छ । शिक्षकले गर्ने परीक्षणका क्रियाकलापहरूमा कुन परीक्षण सिकाइका लागि मूल्याङ्कन हो (निर्माणात्मक) ? कुन सिकाइका रूपमा प्रयोग हुने हो ? र कुन परीक्षण सिकाइको (निर्णयात्मक) मूल्याङ्कन हो भन्नेमा जति स्पष्ट हुन सक्यो त्यति नै विद्यार्थी सिकाइ सुधार र सहयोगमा योगदान पुग्छ (नेल्सन, सन् २०१३) । नेपालका विद्यालयहरूमा पाठ्यक्रमले निर्धारण गरेका परीक्षणसम्बन्धी नीतिहरूको कार्यान्वयन कमजोर छ (आचार्य, २०८१) । शिक्षकहरूमा सिकाइ परीक्षणसम्बन्धी ज्ञान र सिप सिकाउने काम खासगरी विश्वविद्यालयमा शिक्षक तयारीको क्रममा गरिन्छ । विश्वविद्यालयको शिक्षाशास्त्र सङ्काय/विभाग/स्कुलअन्तर्गत परीक्षणसम्बन्धी विषयहरूको अध्ययन गरेका, शिक्षक सेवा आयोगका विभिन्न प्रतिस्पर्धात्मक परीक्षामा सफल भई स्थायी शिक्षकको रूपमा नियुक्त भएका, सेवाप्रवेश तथा अन्य विभिन्न सेवाकालीन तालिमसमेत लिएका धेरै शिक्षकहरूले विद्यार्थीको सिकाइ मूल्याङ्कन गर्ने कार्य कठिन भएको, नबुझिएको, प्रबोधीकरण र तालिम नभएको नभएको गुनासो गर्ने गर्छन (आचार्य, २०८१क) । परीक्षण अभ्यासमा देखिएको यस प्रकारका समस्याको सन्दर्भमा आधारित भएर गरिएको यो अध्ययनले सामुदायिक विद्यालयका शिक्षक तथा प्रअहरूमा भएको सिकाइ परीक्षणसम्बन्धी ज्ञान सिप र बुझाइसम्बन्धी अवस्था पहिचान गर्नेछ । यसैगरी शिक्षक तयारी गर्ने क्रममा विश्वविद्यालयमा र विभिन्न तालिममा के कस्ता विषयवस्तुहरूको ज्ञान सिप प्रदान गरिन्छ र अध्यापन अनुमतिपत्र र प्रतिस्पर्धात्मक परीक्षामा के कस्ता विषयवस्तुको परीक्षण गरिन्छ र प्रधानाध्यापक तथा शिक्षकहरूले विद्यालयमा परीक्षणका विभिन्न अभ्यासहरू के कसरी गरेका छन् तथा उनीहरूको बुझाइको अवस्था के छ भन्ने मुख्य २ अनुसन्धान प्रश्नमा आधारित भएर यो अनुसन्धानात्मक लेख तयार गरिएको छ ।

शिक्षकहरूमा भएको परीक्षणसम्बन्धी ज्ञान, सिप र बुझाइको स्तरलाई परीक्षण साक्षरताका रूपमा बुझिन्छ । शिक्षकको परीक्षणसम्बन्धी आधारभूत ज्ञान, विषयवस्तुको बुझाइ र त्यसको प्रयोग तथा अभ्यासको अवस्थालाई परीक्षण साक्षरता भन्ने परम्परागत अवधारणालाई पोफाम (सन् २००९) तथा जु र ब्राउन (सन् २०१६) ले परीक्षण साक्षरतालाई शिक्षकको आन्तरिक सक्षमताकै एउटा अवयवको रूपमा समेत उल्लेख गरेका छन् । विद्यार्थी सिकाइ परीक्षणको विश्वसनीयता र वैधता तथा सिकाइको वास्तविक मूल्याङ्कन र सिकाइमा सहयोग गर्नका लागि शिक्षकमा परीक्षणका विषयहरूको उच्चतम स्तरमा ज्ञान, सिप र अभ्यासको क्षमता हुनु आवश्यक हुन्छ । शिक्षकमा विद्यार्थी सिकाइ परीक्षणको राम्रो ज्ञान सिप हुनु भनेको कक्षाकोठाको शिक्षण सिकाइ पनि प्रभावकारी हुनु हो । नेसनल काउन्सिल अन मेजरमेन्ट इन एजुकेसन (एनसिएमई) ले सन् १९९० मा तयार गरेको स्टान्डर्ड फर टिचर कम्पिटेन्सी इन एजुकेसनल एसिसमेन्ट अफ स्टुडेन्टसमा शिक्षकहरूमा हुनुपर्ने परीक्षणसम्बन्धी सिपहरूमा उपयुक्त परीक्षण विधिको छनोट गर्ने, उपयुक्त परीक्षण विधि/साधनको विकास/निर्माण गर्ने, शिक्षक निर्मित र बाह्य दुवै प्रकारका परीक्षाहरू सञ्चालन, अङ्कन, र नतिजा विश्लेषण तथा व्याख्या, परीक्षण नतिजाको आधारमा विद्यालय सुधार, विद्यार्थीलाई वैयक्तिक रूपमा सहयोग, पाठ्यक्रम विकास तथा पृष्ठपोषण र शिक्षण सिकाइको योजना तयार गर्ने, विद्यार्थीको सिकाइको विश्वसनीय प्रमाणीकरण गर्ने, सरोकारवालाहरूका लागि यथार्थ नतिजाको सम्प्रेषण गर्ने र परीक्षणका अनैतिक, गैरकानुनी र अनुपयुक्त अभ्यासको जानकारी राख्दै ती सूचनाहरूको प्रयोग गरी परीक्षण कार्यमा आवश्यक सुधार गर्ने विषयलाई उल्लेख गरेका छन् ।

ब्रुकहार्टले (सन् २०११) एनसिएमईको मापदण्डहरू यो क्षेत्रमा महत्त्वपूर्ण भएपनि निर्माणात्मक मूल्याङ्कनका अन्य विभिन्न क्षेत्रहरू समेट्न नसकेको भन्नेमा जोड दिई परीक्षण साक्षरताअन्तर्गत सहपाठी मूल्याङ्कन र सिकाइको स्वमूल्याङ्कनसँग सम्बन्धित सिपहरूको समेत प्रयोगमा जोड दिएका छन् । संयुक्त अधिराज्य अमेरिकामा तयार भएको उल्लेखित ७ वटा शिक्षक मापदण्डहरूले परीक्षणका सबै पक्ष र विद्यालयको व्यवस्थापक तथा नेतृत्वको भूमिका स्पष्ट उल्लेख नगरेकाले परीक्षण साक्षरताका सन्दर्भमा समेत उपयोगी हुने गरी शिक्षकले विद्यार्थीको सिकाइ परीक्षणलाई प्रभावकारी रूपमा सञ्चालन गर्न म्याकमिलन (सन् २०००) ले विभिन्न ११ वटा सिद्धान्तहरू सिद्धान्तहरू सिफारिस गरेका छन् । यी सिद्धान्तहरूमा शिक्षकको परीक्षणसम्बन्धी ज्ञान, शिक्षकको पेसागत सक्षमताको मूल्याङ्कनसँगको सम्बन्ध, परीक्षणका नतिजा सिकाइका प्रमाणमा आधारित भई मूल्याङ्कनसँग सम्बन्धित, परीक्षण पश्चातको निर्णय कार्यमा शृङ्खलाबद्ध सम्बन्ध, परीक्षणमार्फत विद्यार्थीको सिकाइमा उत्प्रेरणा, परीक्षणका त्रुटिहरूको सम्बोधन, परीक्षणको शिक्षण सिकाइको प्रभावकारितासँगको सम्बन्ध, परीक्षण वैधता, परीक्षणको निष्पक्षता र नैतिक मूल्यमान्यता, परीक्षणमा धेरै प्रकारका परीक्षण विधिको प्रयोग, परीक्षणको लचिलोपना र दक्षतायुक्त गुण, परीक्षणमा उपयुक्त प्रविधिको प्रभावकारी प्रयोग रहेका छन् । म्याकमिलनले उल्लेख गरेका परीक्षणका ११ सिद्धान्तहरूलाई पनि शिक्षकहरूमा हुनुपर्ने परीक्षणका ज्ञान र सिपका रूपमा लिन सकिने देखिन्छ । यसैगरी स्टीगिन्स र डुक (सन् २००८) ले विद्यालय नेतृत्वका दश ओटा परीक्षण सक्षमताहरू उल्लेख गरेका छन् । जसअन्तर्गत परीक्षणको विश्वसनीयता र स्तरीयता, जवाफदेहिता, निर्णयात्मक र निर्माणात्मक परीक्षा, परीक्षण नतिजाको व्याख्या, सञ्चार र प्रतिवेदनसम्मका विषयहरू पर्दछन् । यी विभिन्न अन्तर्राष्ट्रिय सन्दर्भमा विभिन्न सिद्धान्तहरू भएपनि नेपालमा शिक्षकहरूको परीक्षणसम्बन्धी ज्ञान र बुझाइ कस्तो हुनुपर्छ भन्ने स्पष्ट मापदण्ड निर्माण भएको देखिँदैन साथै यससम्बन्धी कुनै अध्ययन अनुसन्धानहरू पनि प्राप्त हुन सकेनन् । शिक्षकहरूमा परीक्षणको साक्षरताको अवस्थालाई प्रभाव पार्ने तत्त्व विद्यालयको कार्य वातावरण र परीक्षणसम्बन्धी नीतिहरू पनि रहेका छन् । शिक्षकहरूमा परीक्षण साक्षरता सम्बन्धमा अन्य देशहरूमा यसका मानकहरू तोकिएको भए पनि नेपालमा अलग्गै सक्षमता तोकिएको पनि छैन र यसको बहस, छलफल तथा अन्तरक्रिया पनि कमै मात्र भएको पाइन्छ । वि. सं. २०७२ मा जारी भएको शिक्षक सक्षमताका प्रारूपमा यसका ज्यादै थोरै विषयमात्र समावेश गरिएका छन् र ती पनि स्पष्ट छैनन् । विभिन्न आठवटा क्षेत्रका ३९ सक्षमतामध्ये उपयुक्त साधनको प्रयोग गरी सिकाइका विविध पक्षको मूल्याङ्कन गर्न, नतिजाको विश्लेषण गर्न तथा सोको उपयोग गर्न र सिकाइ सुनिश्चितताका लागि निरन्तर विद्यार्थी मूल्याङ्कन गरी आवश्यकताअनुसार उपचारात्मक शिक्षण गर्न गरी दुईवटा सिकाइ परीक्षणसँग सम्बन्धित रहेका छन् । माथि उल्लेख गरिएका विभिन्न आधारहरू हेर्दा यी सक्षमताहरू सिकाइ परीक्षणको समग्र पक्षलाई समेट्न पर्याप्त देखिएन ।

अध्ययनविधि

यो लेख अनुसन्धानको मिश्रित अनुसन्धान ढाँचामा आधारित छ । शिक्षकहरूका ज्ञान र बुझाइसम्बन्धी विवरण सङ्कलनका लागि संरचित प्रश्नावलीमार्फत धेरै परिमाणात्मक र अभ्यासमा भएका समस्याका सम्बन्धमा प्रतिनिधिमूलक रूपमा शिक्षक र प्रअबाट गुणात्मक सूचनाहरू सङ्कलन गरिएको छ ।

शिक्षकहरूमा परीक्षण साक्षरताको विकासका लागि गरिएका प्रयासको सम्बन्धमा त्रिभुवन विश्वविद्यालय र शिक्षक सेवा आयोगका पाठ्यक्रमको विषयगत विश्लेषण गरिएको छ । परिमाणात्मक तथ्याङ्क सङ्कलनका लागि बागमती प्रदेशका ५ जिल्लाका (चितवन, धादिङ, काभ्रे, सिन्धुपाल्चोक र नुवाकोट) का विभिन्न विद्यालयका २८ जना शिक्षक र २५ विद्यालयका प्रधानाध्यापक गरी जम्मा ५३ जना शिक्षक तथा प्रधानाध्यापकलाई यस अध्ययनमा सहभागी बनाइएको छ । सहभागि छनोटमा अनुसन्धाताको संलग्नता छैन । शैक्षिक तालिम केन्द्र धुलिखेलको तालिममा सहभागी हुन आएका शिक्षक तथा प्रअहरू यसका सहभागी हुन । केन्द्रको तालिममा अनुसन्धातालाई विद्यार्थीको सिकाइ परीक्षणसम्बन्धी विषयमा सहजीकरणका लागि बोलाइएको थियो र सोही क्रममा शिक्षक र प्रअहरूसँग प्रश्नावली भराइएको थियो । अनुसन्धाताले विद्यार्थीको सिकाइ परीक्षण र मूल्याङ्कनसम्बन्धी सेसन सहजीकरण गर्ने क्रममा प्रश्नावली भराउने र खुला छलफल तथा अन्तरक्रिया समेत गरिएको थियो । सेसन सहजीकरणको सुरुमा अनुसन्धाताले सहभागीलाई परीक्षण साक्षरतासँग सम्बन्धित विभिन्न प्रश्नहरू समावेश भएको प्रश्नावली भराइएको थियो । तथ्याङ्क सङ्कलनका लागि प्रयोग गरिएका प्रश्नावली अनुसन्धाताले विश्वविद्यालयको शोध अध्ययनका लागि तयार गरेको प्रश्नावलीबाट केही आवश्यक प्रश्नावलीमात्र (आवश्यक विवरण मात्र) लिएर र केही सान्दर्भिकीकरण गरिएका थिए । यसका साथै यी प्रश्नावली पनि अनुसन्धाता आफैँले १० जना शिक्षकमा पूर्वपरीक्षणसमेत गरिएको थियो । परिमाणात्मक रूपमा प्राप्त भएको सूचनासँग सम्बन्धित भएर विषयवस्तुको सघन बुझाइ र विद्यालयको अभ्यासलाई समेत समावेश गर्नका लागि प्रतिनिधिमूलक रूपमा आधारभूत तहको कक्षा १ देखि ३ को संयोजक एक जना, आधारभूत तह (कक्षा ८) र माध्यमिक तह (कक्षा १०) का २ जना शिक्षक र २ जना प्रधानाध्यापक समेत गरी पाँच जनासँग थप सघन अन्तर्वार्तासमेत गरिएको छ । अन्तर्वार्तामा खासगरी दुई ओटा निर्देशित प्रश्नहरू थिए: तपाईं आफू र तपाईंको विद्यालयका सबै शिक्षकहरूको परीक्षण र मूल्याङ्कनप्रतिको ज्ञान, सिप र बुझाइको अवस्था कस्तो छ ? र विद्यालयमा विद्यमान आन्तरिक मूल्याङ्कन तथा परीक्षासँग सम्बन्धित नीतिको कार्यान्वयन के कसरी भइरहेको छ र के कस्ता समस्याहरू छन ? यो अध्ययनमा आधारभूत तहअर्न्तगत पालिकाले सञ्चालन गर्ने कक्षा ८ को परीक्षाबाहेकका अन्य कक्षा र तहको आन्तरिक मूल्याङ्कनका पक्षहरूलाई पनि समावेश गरिएको छ ।

नमूना छनोटमा कुनै अनुसन्धाताले खास पद्धतिको उपयोग नगरी तालिम केन्द्रबाट बोलाइएका तालिमका सहभागीहरूमा प्रश्नावली भराइएको, त्यो सङ्ख्या पनि सानो भएको हुनाले यो अध्ययनका प्राप्तिहरूलाई पूर्णतया सामन्यीकरण गर्न सकिँदैन र परिमाणात्मक तथ्याङ्क अनुसन्धानमा साधारण प्रतिशतको मात्र प्रयोग गरी तथ्याङ्कशास्त्रीय विश्लेषण गरिएको छैन । संरचित प्रश्नावलीबाट प्रधानाध्यापक र शिक्षकमा रहेको परीक्षणसम्बन्धी बुझाइ, धारणा र विद्यालयमा गरिएका अभ्यासहरूसँग सम्बन्धित विवरण सङ्कलन गरिएको थियो । प्रश्नावलीमा खासगरी विद्यालयको आन्तरिक परीक्षा, परीक्षाको योजना, आन्तरिक मूल्याङ्कनप्रतिको धारणा, विद्यालयमा भइरहेका परीक्षाका अभ्यास, कक्षा १ देखि ३ सम्मका लागि विद्यालयमा गरिएको परीक्षाको अभ्यास र आन्तरिक मूल्याङ्कनका अभ्यासहरू कसरी भएका छन भन्ने विवरण समावेश गरिएको थियो । शिक्षक तथा प्रअहरूबाट प्राप्त प्रतिक्रियाहरूलाई यसको सान्दर्भिकता र अध्ययनको अनुसन्धान प्रश्नसँग सम्बन्धित बनाएर

मात्र विश्लेषण तथा व्याख्या गरिएको छ । आधारभूत तह भएको हुनाले खासगरी विद्यालय शिक्षाको आधारभूत तहको पाठ्यक्रमसँग सम्बन्धित पक्षमा शिक्षक तथा प्रअको बुझाइलाई उल्लेख गरिएको छ। गुणात्मक विवरणका लागि शिक्षक तथा प्रअसँग भौतिक रूपमा र फोन तथा अनलाइनबाट समेत आवश्यकताअनुसार पटक पटक सम्पर्क गरिएको थियो ।

यो अध्ययनको उद्देश्यअनुसार दस्तावेज विश्लेषणमा खासगरी पाठ्यक्रम विकास केन्द्रले तयार गरेको कक्षा ११ र १२ को ऐच्छिक विषयको समूहमा रहेका शिक्षाशास्त्रसँग सम्बन्धित शिक्षा र विकास, बालविकास र सिकाइ तथा शैक्षणिक विधि र मूल्याङ्कन गरी तीन ओटा विषयको विषयवस्तुको समीक्षा गरिएको छ । यसैगरी त्रिभुवन विश्वविद्यालयका स्नातक तहको पाठ्यक्रम र मूल्याङ्कन तथा स्नातकोत्तर तहको शिक्षामा मापन तथा मूल्याङ्कन गरी दुई ओटा विषयको पाठ्यक्रमको समीक्षा गरिएको छ । यी दुई विषयहरू अनिवार्य विषयको रूपमा पठनपाठन हुने गर्छन् । शिक्षक सेवा आयोगको अध्यापन अनुमतिपत्र र खुला तथा आन्तरिक प्रतियोगितात्मक परीक्षाको पाठ्यक्रम र शिक्षक सक्षमताको प्रारूप २०७२ को विश्लेषण गरिएको छ । यी सामग्रीको विश्लेषणले परीक्षण साक्षरताको विषयवस्तु शिक्षक तयारीमा के कति मात्रामा समावेश भएको छ र शिक्षक छनोटमा के कति रहेको छ भन्ने जानकारी प्राप्त हुनेछ । शिक्षा विषयको पढाइ हुने सबैभन्दा धेरै क्याम्पस भएको र उच्च शिक्षामा ७८ प्रतिशत विद्यार्थीले अध्ययन गर्ने (विश्वविद्यालय अनुदान आयोग, सन् २०२३) भएकाले यो अध्ययनमा त्रिभुवन विश्वविद्यालयको पाठ्यक्रमलाई विश्लेषण गरिएको छ । यसैगरी कुनै पनि व्यक्ति शिक्षक बन्न आवश्यक पर्ने अध्यापन अनुमतिपत्र, खुला प्रतियोगितात्मक परीक्षा र आन्तरिक बढुवाको लागि निर्धारण गरिएको पाठ्यक्रमले कसरी ती सिपहरूको परीक्षण गरेको छ भन्नका लागि सम्बन्धित पाठ्यक्रम र शिक्षकका लागि आवश्यक पर्ने सक्षमतामा के कति विषय उल्लेख छन् भन्ने जानकारीका लागि शिक्षक सक्षमता प्रारूपको समेत अध्ययन गरिएको छ ।

नतिजा र छलफल

यस खण्डमा खासगरी यो अनुसन्धान सम्पन्न गर्नका लागि सङ्कलन गरिएका तथ्याङ्कहरूको विश्लेषण, तालिकीकरण तथा सम्बन्धित तालिकाकै व्याख्या गर्ने क्रममा छलफल समेत गरिएको छ । अनुसन्धानको उद्देश्यअनुसार सुरुमा विश्वविद्यालय र शिक्षक सेवा आयोगको पाठ्यक्रममा समावेश भएका विषयहरूको तुलना र विश्लेषण गरिएको छ भने सोपश्चात शिक्षक तथा प्रअबाट प्राप्त प्रतिक्रियालाई प्रस्तुत गरिएको छ । छलफललाई अलगै खण्डमा समावेश नगरी सम्बन्धित विषयमै समावेश गरिएको छ ।

शिक्षक तयारी र छनोटका विषयवस्तु

शिक्षकहरूको परीक्षण साक्षरताको अवस्थाको बारेमा अध्ययन गर्नु पहिले शिक्षकको तयारी तथा विकास र अन्य सन्दर्भमा परीक्षणका विषयवस्तुहरूलाई शिक्षकसम्म कसरी पुऱ्याउने गरिएको छ भन्ने अध्ययन गर्नु आवश्यक हुन्छ । विद्यार्थीको सिकाइ मूल्याङ्कन र परीक्षणसँग सम्बन्धित विषयवस्तुहरू पूर्वसेवाकालीन तथा सेवाकालीन तालिम र शिक्षक सेवा आयोगको अध्यापन अनुमतिपत्र र खुला प्रतिस्पर्धाको पाठ्यक्रम तथा शिक्षक बढुवाको आन्तरिक प्रतियोगितात्मक पाठ्यक्रममा समेत समाविष्ट

छ । कक्षा ११ र १२ मा ऐच्छिक विषयको रूपमा पढाइ हुने विषयहरूमा परीक्षण र मूल्याङ्कनका विषयवस्तुहरू समाविष्ट छन् । कक्षा ११ र १२ मा यी विषय अध्ययन गर्नेहरू मात्र शिक्षक सेवा आयोगले लिने अध्यापन अनुमतिपत्रको परीक्षामा सहभागी हुन र अध्यापन अनुमतिपत्र लिएपछि खुला प्रतियोगितात्मक परीक्षामा सहभागी हुन योग्य हुन्छन् । तालिका १ मा कक्षा ११ र १२ मा समावेश भएका विषयवस्तु उल्लेख गरिएको छ ।

तालिका १

कक्षा ११ र १२ मा समाविष्ट विषयवस्तुहरू

विषय	कक्षा	विषयवस्तु
शिक्षा र विकास	११	शिक्षाको स्वरूप र संरचना र विभिन्न निकायको भूमिकाअन्तर्गत सामान्य परिचय मात्र
	१२	पाठ्यक्रम, शिक्षण सिकाइ र मूल्याङ्कनबिचको अन्तरसम्बन्ध गुणस्तरको विकास
बालविकास र सिकाइ	११	- परिपक्वता र सिकाइ, प्रेरणा र सिकाइ, पृष्ठपोषण र सिकाइ, स्मरण र सिकाइ सिकाइका सिद्धान्त
शैक्षणिक विधि र मूल्याङ्कन	१२	- शैक्षणिक उद्देश्य, शैक्षणिक विधि र मूल्याङ्कनको सम्बन्ध । - शैक्षणिक मूल्याङ्कनको महत्त्व, अर्थ र प्रयोग । - उद्देश्यका आधारमा विशिष्टीकरण तालिका निर्माण तथा उपयुक्त परीक्षणको प्रश्न निर्माण । - परीक्षण निर्माण र प्रश्नपत्रको रूपरेखा तयारी । - परीक्षण सञ्चालन निर्देशिका विकास । - परीक्षणको निर्देशन र अङ्कन निर्देशिका तयारी । - परीक्षण योजना र परीक्षा सञ्चालन, उत्तरपस्तिका परीक्षण - परीक्षण प्रश्न लेखाजोखा, कठिनाइस्तर र विभेदीकरण क्षमता - नतिजाको उपयोग तथा व्यवहार तथा सिप परीक्षणका विभिन्न साधनको पहिचान र विकास । - श्रेणीमापन र रुजुसूची तयारी तथा विद्यार्थीका व्यवहार मूल्याङ्कन । - निरन्तर विद्यार्थी मूल्याङ्कनको अर्थ । - निरन्तर विद्यार्थी मूल्याङ्कनका अवयव पहिचान ।

स्रोत : पाठ्यक्रम विकास केन्द्र, २०७६ ।

कक्षा ११ र १२ मा माथि उल्लेख गरिएका विषयवस्तुहरूको शिक्षण गरिन्छ र यसमा उत्तीर्ण भएका विद्यार्थीहरू आधारभूत तह (कक्षा १ देखि ८) को शिक्षण अध्यापन अनुमतिपत्रका लागि सञ्चालन हुने परीक्षामा उम्मेदवार हुन पाउँछन् । यसका साथै कक्षा १२ मा अभ्यास शिक्षणको क्रममा पनि विद्यार्थीले प्रश्न निर्माणको व्यावहारिक अभ्यास गर्ने गर्छन् । आधारभूत तहको शिक्षण अध्यापन अनुमतिपत्रको

लागि शिक्षक सेवा आयोगले तय गरेको पाठ्यक्रममा समेत यी विषषहरू समावेश गरिएका छन् । विद्यालय तहमा समावेश भएका अधिकांश विषयवस्तु नै अध्यापन अनुमतिपत्रको पाठ्यक्रममा समावेश गरिएको छ । यसरी उस्तै उस्तै विषयवस्तु पठनपाठन हुने र अध्यापन अनुमतिपत्रको परीक्षामा पनि सोही विषयवस्तु समावेश हुनुलाई विभिन्न दृष्टिकोणबाट व्याख्या गर्न सकिन्छ । यद्यपि विश्वविद्यालयमा पढेकै कोर्समा परीक्षा दिनु सान्दर्भिक हुन्छ तर अध्यापन अनुमतिपत्रको उत्तीर्ण प्रतिशत ५० प्रतिशतमात्र र सोभन्दा पनि कम रहेको छ (शिक्षक सेवा आयोग, २०८१) । यसैगरी शिक्षाशास्त्र सङ्कायबाट स्नातक तह उत्तीर्ण गरेका व्यक्तिहरू माध्यमिक तहको अध्यापन अनुमतिपत्रको परीक्षामा सहभागी हुनका लागि योग्य हुन्छन । तालिका २ मा त्रिभुवन विश्वविद्यालयको स्नातक तह र स्नातकोत्तर तहमा अध्यापन गराइने विषयवस्तु उल्लेख गरिएको छ ।

तालिका २

त्रिभुवन विश्वविद्यालयको स्नातक र स्नातकोत्तर तहको पाठ्यक्रम

स्नातक तह, पाठ्यक्रम र मूल्याङ्कनका विषयवस्तु (चार वर्षे स्नातक तेस्रो वर्ष र एक बर्से स्नातक) पूर्णाङ्क : १०० सैद्धान्तिक	स्नातकोत्तर तह शिक्षामा मापन र मूल्याङ्कन : तेस्रो सेमेष्टर । पूर्णाङ्क : १००
क) मापन र मूल्याङ्कन (अवधारणा, परीक्षण र मूल्याङ्कन, उद्देश्य, मानकमा आधारित र आधारमा आधारित परीक्षण, परीक्षणका माध्यम : औपचारिक, अनौपचारिक, निर्माणात्मक, निर्णयात्मक, अन्तिम र निरन्तर, परीक्षणका स्रोतहरू : विद्यार्थी, शिक्षक, सहपाठी साथी र अन्य)	क) शैक्षिक मापन (परीक्षा, मापन, मूल्याङ्कन, परीक्षण, उद्दश्य र प्रयोग, परीक्षा, मापन, मूल्याङ्कन र परीक्षणको भिन्नता, मापनका स्केल, मापनका विद्यमान प्रवृतिहरू, नेपालको विद्यालय शिक्षामा विद्यार्थी मूल्याङ्कन)
ख) असल परीक्षणका विशेषता (विश्वसनीयता, वैधता, उद्देश्यपूर्णता, प्रयोग, विश्वसनीयताको गणना, वैधताको प्रकार) शिक्षक निर्मित परीक्षा (स्तरीय परीक्षा, उपलब्धि परीक्षा, परीक्षण प्रश्नका प्रकार, वस्तुगत, विषयगत, शिक्षक निर्मित परीक्षाका प्रश्न निर्माण)	ख) विश्वसनीयता र मापनमा हुने त्रुटी (विश्वसनीयता, विश्वसनीयताको गणनाः स्थिरता, समकक्षता, आन्तरिक एकरूपता, परीक्षकबिचको एकरूपता, विश्वसनीयता कोफिसेन्ट व्याख्या, मापनको स्तरीय त्रुटी)
	ग) परीक्षणको वैधता (वैधता, वैधताका लागि मुख्य ध्यानदिनुपर्ने विषयः विषयगत, निर्मित वैधता, परीक्षण आधार, वैधता कोफिसिएन्टको व्याख्या, वैधतामा प्रभाव पार्ने तत्व, विश्वसनीयता र वैधताको सम्बन्ध)
घ) परीक्षा सञ्चालन, अङ्कन, नतिजा विश्लेषण (बारम्बारता वितरण, केन्द्रीय मापन, फैलावटको मापन, प्रश्न विश्लेषण र नतिजाको उपयोग)	घ) उपलब्धि परीक्षा (उपलब्धि परीक्षण, उत्तर लेखन सिप, विशिष्टीकरण तालिका, प्रश्न निर्माण, परीक्षा सञ्चालन, अङ्कन र प्रश्नविश्लेषण, नतिजा विश्लेषण र प्रयोग)
ङ) मूल्याङ्कनका अन्य विधिहरू : पोर्टफोलियो, श्रेणीमापन, रुजुसूची, अभिलेख र स्वःमूल्याङ्कन	ङ) स्तरीकृत परीक्षा (स्तरीकृत परीक्षाको परिचय, प्रक्रिया, बौद्धिकताको परीक्षण, वैयक्तिकता, प्रवृत्ति, रुचि परीक्षण, कठिन उपलब्धि परीक्षण, कार्यसम्पादनमा आधारित परीक्षण, विद्यालयको कार्यसम्पादन मूल्याङ्कन)
च) विद्यालय तहमा हाल कार्यान्वयनमा रहेको मूल्याङ्कन प्रणाली (निरन्तर विद्यार्थी मूल्याङ्कन, कक्षा १ देखि १० सम्मको मूल्याङ्कन र एसइइको ग्रेडिङ प्रणाली)	

स्रोत : त्रिभुवन विश्वविद्यालय, शिक्षाशास्त्र सङ्काय, २०८० ।

तालिका २ मा भएका स्नातक र स्नातकोत्तर तहका धेरै विषयवस्तु उस्तै छन् । स्नातकोत्तर तहमा केही थप विस्तृतीकरण गरिएको छ । मापन स्केल र स्तरीकरण एउटा नयाँ विषयको रूपमा स्नातकोत्तर तहमा देखिन्छ । कुन तहमा के विषयवस्तु महत्त्वपूर्ण हुन्छ र ती तहमा त्यो विषय किन आवश्यक छ भन्ने कुनै खास औचित्य देखिदैँन । जस्तै स्नातकोत्तर तहमा परीक्षणका साधन र प्रकार, प्रश्नका प्रकारको विषय समावेश गरिएको छैन । पाठ्यक्रमका विषयवस्तु अध्ययन गर्दा पाठ्यक्रम निर्माणको लम्बीय सङ्गठन कसरी मिलान भएको छ भन्ने प्रष्ट देखिँदैन । स्नातक तहका कतिपय विषयवस्तुहरू विश्वव्यापी अभ्यास र परीक्षा तथा मूल्याङ्कनको नयाँ अवधारणासँग परिचित छैनन् । उदाहरणको लागि परीक्षणका माध्यमका रूपमा औपचारिक, अनौपचारिक, अन्तिम र निरन्तर भनेर उल्लेख गरिएको छ तर यी विषयहरू सैद्धान्तिक रूपमा प्रचलनमा छैनन् । औपचारिक र अनौपचारिक परीक्षाको सन्दर्भ सामग्री पनि उल्लेख गरिएको छैन । परीक्षाको समयका आधारमा अन्तिम परीक्षा भन्ने उल्लेख भएपनि परीक्षाको माध्यम नै अन्तिम भन्ने हुँदैन । परीक्षणको क्षेत्रमा मूल्याङ्कन सुधार समूहले तयार गरेको प्रतिवेदनले परीक्षणका प्रकारलाई निर्माणात्मक र निर्णयात्मक नभनि सिकाइका लागि परीक्षण सिकाइको परीक्षण र सिकाइका रूपमा परीक्षण भन्न थालिएको छ । पाठ्यक्रममा उल्लेख भएको परीक्षणको स्रोत भन्ने त यो क्षेत्रको अवधारणा नै होइन । यदि परीक्षणको स्रोतको कुरा गर्ने हो भने त्यो पाठ्यक्रम हो तर यहाँ पाठ्यक्रमले उल्लेख गरेको विद्यार्थी, साथी, शिक्षक, सिकाइ वातावरण उल्लेख गरिएको छ । सिकाइ वातावरणलाई परीक्षणको स्रोतको रूपमा विषयवस्तु निर्धारण गरिएको छ तर यसको पक्षमा सान्दर्भिकता देखिँदैन । विषयवस्तुलाई एकाइमा मिलान गर्ने सवालमा पनि समस्या देखिन्छ । उदाहरणको लागि उपलब्धि परीक्षामा यसको परिचय मात्र छ र अन्य विषयहरू जुनसुकै परीक्षाका विषय हुन तर यसमा प्रस्तुत गरिएको आधारमा यी विषय उपलब्धि परीक्षाका मात्र हुन किन भन्ने द्विविधा र उपलब्धि परीक्षा अन्य परीक्षाभन्दा कसरी फरक भन्ने विषय समावेश भएको छैन ।

स्नातकोत्तर तहको परीक्षाको स्तरीकरणको एकाइमा उल्लेख भएका विषयहरू सबै स्तरीकृत परीक्षाका विषयहरू होइनन् । उदाहरणको लागि कठिन उपलब्धि मापनलाई लिन सकिन्छ । यसैगरी यसै एकाइमा विद्यालयको कार्यसम्पादन मूल्याङ्कन विषय उल्लेख गरिएको छ । यो विद्यार्थीको सिकाइ परीक्षणको अवधारणा होइन । यो शैक्षिक गुणस्तर परीक्षण केन्द्रको विद्यालयका समग्र प्रशासन र व्यवस्थापन हेर्ने साधन हो जुन एसेसमेन्ट नभई अडिट हो । पाठ्यपुस्तकमा के कसरी व्याख्या गरिएको छ र पठनपाठन कसरी हुन्छ भन्ने विश्लेषण गरेर मात्र यसमा थप समीक्षा गर्न सकिएला । तर विषयवस्तुको सान्दर्भिकता मिलेको देखिन्न । स्नातकोत्तर तहको अध्ययनपश्चात् कुनै पनि व्यक्तिमा विश्वविद्यालय तथा क्याम्पसहरूमा समेत शिक्षण गर्ने योग्यता पुगेको हुन्छ तर स्नातकोत्तर तहको पाठ्यक्रम विद्यालय शिक्षाको मूल्याङ्कनमा मात्र केन्द्रित छ । उच्च शिक्षाको परीक्षण र मूल्याङ्कनसम्बन्धी विषयवस्तुको छुट्टै शिक्षण सिकाइ हुँदैन तर यी उस्तै होइनन् । स्नातकोत्तर तहमा समावेश गरिएको विश्वसनीयता मापनका तथ्याङ्कशास्त्रीय विषयहरू शिक्षकका लागि के कति उपयोगी हुन्छन् ? विद्यालय तहमा शिक्षकले विश्वसनीयताको गणना गर्नुपर्छ वा पर्दैन ? हालको अवस्थामा यो विद्यालय शिक्षामा प्रयोगमै छैन भने यसको सान्दर्भिकता कति हुन्छ ? तथा कति उपयोगी हुन्छ ? भन्ने जस्ता प्रश्नको उत्तरका लागि थप अध्ययन आवश्यक पर्छ । स्तरीकृत परीक्षामा मात्र प्रयोग हुने विश्वसनीयताको गणनामा मात्र

एउटा इकाइ नै रहेको छ । विश्वविद्यालयबाट स्नातक र स्नातकोत्तर तह पूरा गरेका उम्मेदवारहरूले शिक्षक सेवा आयोगको अध्यापन अनुमतिपत्रको परीक्षामा सहभागी हुन्छन् । जहाँ पुन उनीहरूले यसै विषयको प्रश्नहरूमा परीक्षा दिन्छन् । तालिका ३ मा शिक्षक सेवा आयोगको आधारभूत तहको अध्यापन अनुमतिपत्रको पाठ्यक्रममा समाविष्ट विषयहरू समावेश गरिएको छ ।

तालिका ३

शिक्षण अध्यापन अनुमतिपत्रको पाठ्यक्रम

तह	विषयवस्तु
आधारभूत तह (१ देखि ५)	विशिष्टीकरण तालिका निर्माण र प्रयोग, विशिष्टीकरण तालिकाको आधारमा मूल्याङ्कनका साधनहरूको निर्माण, विद्यार्थीको सिकाइ सुधारका लागि निरन्तर मूल्याङ्कन पद्धतिको प्रयोग, मूल्याङ्कन रूब्रिक्सको प्रयोग
आधारभूत तह (६ देखि ८)	मूल्याङ्कनको अवधारणा, उद्देश्य र महत्त्व, शिक्षणमा निर्माणात्मक र निर्णयात्मक मूल्याङ्कनको उपयोग, शिक्षक निर्मित र स्तरीकृत परीक्षा, विशिष्टीकरण तालिका निर्माण र उपयोग, विद्यालय शिक्षामा लेटर ग्रेडिङ पद्धति : अवधारणा, अभ्यास, समस्या र प्रभावकारिताका उपायहरू, परीक्षा र मूल्याङ्कनका साधन तथा तरिकाहरू, शिक्षणमा निरन्तर मूल्याङ्कन प्रणाली र यसको उपयोग, विद्यालय तहमा लिइने परीक्षाको सञ्चालन, व्यवस्थापन र प्रमाणीकरण, विद्यार्थी मूल्याङ्कनका अभ्यासहरू
माध्यमिक तह	मूल्याङ्कनको अवधारणा, उद्देश्य र महत्त्व, शिक्षणमा निर्माणात्मक र निर्णयात्मक मूल्याङ्कनको उपयोग, शिक्षक निर्मित र स्तरीकृत परीक्षा, विशिष्टीकरण तालिका निर्माण र उपयोग, विद्यालय शिक्षामा लेटर ग्रेडिङ पद्धति : अवधारणा, अभ्यास, समस्या र प्रभावकारिताका उपायहरू, परीक्षा र मूल्याङ्कनका साधन तथा तरिकाहरू, नतिजा विश्लेषण र यसको उपयोग, शिक्षणमा निरन्तर मूल्याङ्कन प्रणाली र यसको उपयोग, शिक्षक निर्मित परीक्षाको वैधता तथा विश्वसनीयता, विद्यालय तहमा लिइने परीक्षाको सञ्चालन, व्यवस्थापन र प्रमाणीकरण, विद्यार्थी मूल्याङ्कनका अभ्यासहरू

स्रोत : शिक्षक सेवा आयोग, २०७८ ।

आधारभूत तहका लागि तोकिएको योग्यता कक्षा १२ अनुसार कक्षा १२ मा शिक्षण गरिएका अधिकांश विषयवस्तुहरू नै समावेश भएको अध्यापन अनुमतिपत्रको पाठ्यक्रममा देखिन्छ । कक्षा १ देखि ५ को पाठ्यक्रममा रुब्रिक्सको प्रयोग छुट्टै विषयको रूपमा उल्लेख गरिएको छ । अन्य विषयहरू कक्षा ६ देखि ८ का लागि विस्तृत छन भने कक्षा १ देखि ५ का लागि विशिष्टीकरण तालिका निर्माण, प्रयोग र निरन्तर विद्यार्थी मूल्याङ्कनको प्रयोगमा जोड दिइएको छ। माध्यमिक तहमा नतिजा विश्लेषण

र यसको उपयोग मात्रै थप गरिएको छ । शिक्षक सेवा आयोगको खुला प्रतियोगितामा सहभागी हुन अध्यापन अनुमतिपत्र प्राप्त गरेको हुनुपर्छ । विश्वविद्यालयको अध्ययन, अध्यापन अनुमतिपत्रको परीक्षा उत्तीर्ण व्यक्तिहरू सहभागी हुने खुला प्रतियोगितात्मक परीक्षामा पनि यी विषयहरू नै समावेश गरिएको छ । शिक्षक सेवा आयोगको खुला प्रतियोगिताको पाठ्यक्रममा समावेश भएका परीक्षण र मूल्याङ्कनसँग सम्बन्धित विषयलाई तालिका ४ मा प्रस्तुत गरिएको छ ।

तालिका ४

खुला प्रतियोगितात्मक परीक्षामा समावेश गरिएका विषयवस्तु

तह	विषयवस्तु
आधारभूत तह (१ देखि ५)	परीक्षा र मूल्याङ्कनः परीक्षाको अवधारणा, उद्देश्य, प्रकारहरू, शिक्षक निर्मित परीक्षा र स्तरीकृत परीक्षा, मूल्याङ्कनको अवधारणा, उद्देश्य, प्रकारहरू, मूल्याङ्कनका साधनहरू प्रयोग र प्राथमिक तहमा प्रयोग हुने मूल्याङ्कनका विधि तथा प्रक्रियाहरू ।
	मूल्याङ्कनका अन्य साधनहरूः अवलोकन, श्रेणीमापन, रुजु सूची, संचित अभिलेख, घटनावृत अभिलेख र कार्य सञ्चयिका
आधारभूत तह (६ देखि ८)	मापन र मूल्याङ्कन बिच भिन्नता, मूल्याङ्कनका प्रकार, साधन र विशेषता,
	परिक्षाको अर्थ र प्रकार (विषयगत, वस्तुगत, स्तरकृत र शिक्षक निर्मित परिक्षा)
	प्रश्न पत्र निमार्ण, विशिष्टीकरण तालिका, प्रश्नहरूको विश्लेषण, वैधता र विश्वसनीयता
	निरन्तर मूल्याङ्कन प्रणाली, अक्षराङ्कन पद्धति र नेपालको सन्दर्भमा निरन्तर मूल्याङ्कन प्रणालीको अवस्था
माध्यमिक	परीक्षा र मूल्याङ्कनको अवधारणा, प्रकार, साधन र विशेषता
	प्रश्न पत्र निमार्ण, विशिष्टीकरण तालिका, प्रश्नहरूको विश्लेषण, वैधता र विश्वसनीयता
	निरन्तर मूल्याङ्कन र अक्षराङ्कन पद्धति
	परीक्षाफलको विश्लेषण र प्रयोग, विद्यार्थी उपलब्धि राष्ट्रिय परीक्षण प्रतिवेदन

स्रोत : शिक्षक सेवा आयोग, २०७८ ।

अध्यापन अनुमतिपत्रको जस्तै खुला प्रतियोगितात्मक परीक्षामा पनि उस्तै विषयवस्तुहरू नै राखिएका छन् । माध्यमिक तहमा परीक्षाफल विश्लेषण र विद्यार्थी उपलब्धिको राष्ट्रिय परीक्षण प्रतिवेदन भन्ने विषय थप गरिएको छ । कक्षा १ देखि ५ को पाठ्यक्रममा मूल्याङ्कनका अन्य साधनहरूको

बारेमा उल्लेख गरिएको छ भने अन्य तहमा उक्त विषयवस्तु छैन । माथिल्ला तहमा उक्त विषयवस्तु आवश्यक नपर्ने भन्ने त होइन । नतिजा विश्लेषणलाई कुनै खास तहमा मात्र राखिएको छ । नतिजा विश्लेषण सबै तहमा आवश्यक पर्ने विषय हो । कुनै तहमा राखिने विषयवस्तु के आधारमा निर्धारण गरिन्छन भन्ने खास विधि र पद्धति अवलम्बन गरेको देखिँदैन । कुनै साना कक्षमा उपयोगी हुने विषय माथिल्लो तहमा राखिएको छ भने कुनै विषयवस्तु राखिएकै छैन । माध्यमिक तहमा निरन्तर विद्यार्थी मूल्याङ्कनको पद्धतिलाई जोड दिइएको छ तर मूल्याङ्कनका अन्य साधनको उल्लेख गरिएको छैन । विद्यमान मूल्याङ्कन प्रणालीमा माध्यमिक तहमा निरन्तर विद्यार्थी मूल्याङ्कन हुँदैन ।

सेवारत स्थायी शिक्षकहरूको कार्यसम्पादन मूल्याङ्कन र आन्तरिक लिखित परीक्षमार्फत बढुवा हुने पद्धति छ । यसअनुसार शिक्षकहरूको बढुवाका लागि कुल रिक्त पदमध्ये २५ प्रतिशत पदमा ५ वर्ष स्थायी सेवा पुगेका शिक्षकबाट प्रतिस्पर्धा गराइन्छ । यसरी प्रतिस्पर्धा गराइने परीक्षामा पनि परीक्षणसँग सम्बन्धित विषयवस्तु उल्लेख गरिएका छन । कार्यरत शिक्षकहरूको बढुवा प्रयोजनका लागि निर्धारण गरिएको पाठ्यक्रममा पनि धेरै विषयवस्तुहरू समान नै रहेका छन् । तालिका ५ मा शिक्षक बढुवाको आन्तरिक प्रतियोगितात्मक परीक्षाको पाठ्यक्रमका विषयवस्तुहरू उल्लेख गरिएको छ ।

तालिका ५

शिक्षक बढुवाको पाठ्यक्रममा समावेश गरिएका विषयवस्तु

तह	विषयवस्तु
प्राथमिक	मूल्याङ्कनको अवधारणा, निर्माणात्मक र निर्णयात्मक मूल्याङ्कनका साधनहरूको प्रयोग, विशिष्टीकरण तालिकाको प्रयोग गरी विद्यालयमा प्रश्नपत्र र उत्तरकुञ्जिका निर्माण र प्रयोग, परीक्षाबाहेकका मूल्याङ्कनका तरिकाहरूको प्रयोगः अवलोकन, विद्यार्थी पोर्टफोलियो व्यवस्थापन र श्रेणीमापन, निरन्तर विद्यार्थी मूल्याङ्कन प्रणालीः मूल्याङ्कन प्रक्रिया, सूचकहरू, अभिलेखीकरण प्रक्रिया, विद्यमान अभ्यास, समस्या र समाधानका उपायहरू, मूल्याङकन साधनका रूपमा रुब्रिक्स निर्माण र प्रयोग, अक्षराङ्कन प्रणालीः परिचयः महत्त्व, अभ्यास र भावी दिशा, नतिजा तयारी, प्रश्नपत्र तथा नतिजा विश्लेषण र प्रयोग, नेपालमा विद्यार्थी मूल्याङ्कनमा देखिएका समस्या र समाधानका उपायहरू

निम्नमाध्यमिक	मूल्याङ्कनको अवधारणा, निर्माणात्मक र निर्णयात्मक मूल्याङ्कनका साधनको निर्माण तथा प्रयोग, मूल्याङ्कन प्रक्रियामा विशिष्टीकरण तालिकाको प्रयोगको आवश्यकता तथा प्रश्नपत्र र उत्तरकुञ्जिका निर्माण, परीक्षाबाहेकका मूल्याङ्कनका तरिकाहरूको प्रयोगः अवलोकन, घटनावृत अभिलेख, सञ्चित अभिलेख, विद्यार्थी पोर्टफोलियो, रुजुसूची र श्रेणीमापन, निरन्तर विद्यार्थी मूल्याङ्कन प्रणालीः विद्यमान अभ्यास, समस्या र समाधानका उपायहरू, मूल्याङ्कन साधनका रूपमा रुब्रिक्स निर्माण र प्रयोग, अक्षराङ्कन प्रणालीः परिचयः महत्त्व, अभ्यास र भावी दिशा, प्रश्न विश्लेषण र नतिजा विश्लेषण तथा परीक्षणका साधनको विश्वसनीयता र वैधता, नेपालमा विद्यार्थी मूल्याङ्कनमा देखिएका समस्या र समाधानका उपायहरू
माध्यमिक	मूल्याङ्कनको अवधारणा तथा निर्माणात्मक र निर्णयात्मक मूल्याङ्कनका साधनको निर्माण तथा प्रयोग, मूल्याङ्कन प्रक्रियामा विशिष्टीकरण तालिकाको प्रयोग गरी प्रश्नपत्र र उत्तरकुञ्जिका निर्माण एवम् प्रयोग, निरन्तर मूल्याङ्कन प्रणालीः विद्यमान अभ्यास, समस्या र समाधानका उपायहरू, निदानात्मक/उपचारात्मक मूल्याङ्कन र सुधारात्मक शिक्षणको प्रयोग, अक्षराङ्कन प्रणालीः परिचयः महत्त्व, अभ्यास र भावी दिशा, राष्ट्रिय र अन्तर्राष्ट्रिय स्तरका स्तरीकृत मूल्याङ्कनका साधनहरू तथा विद्यार्थीको सिकाइ उपलब्धि परीक्षणको अभ्यासः परीक्षण साधन विकास, परीक्षण तथा प्रतिवेदनहरूको प्रयोग, प्रश्न तथा नतिजा एवम् मूल्याङ्कनका साधनहरूको विश्वसनीयता र वैधता, नेपालमा विद्यार्थी मूल्याङ्कनमा देखिएका समस्या र समाधानका उपायहरू

स्रोतः शिक्षक सेवा आयोग, २०७६ ।

एउटै विषयवस्तुमा कुनै तहमा उपयोग र कुनै तहमा प्रयोगजस्ताको पदावलीको प्रयोग भएको छ। घटनावृत अभिलेख, सञ्चित अभिलेख, रुजुसूची जस्ता विषयहरू प्राथमिक तहमा समावेश गरिएका छैनन् । प्राथमिक तहमा निरन्तर विद्यार्थी मूल्याङ्कनको सूचकका विषय छन भने निम्नमाध्यमिक तहमा समाधानका उपायहरू भनिएको छ । प्राथमिक र माध्यमिक तहमा विशिष्टीकरण तालिकाको प्रयोग गरी प्रश्नपत्र र उत्तरकुञ्जिका निर्माण एवम् प्रयोग भन्ने छ भने निम्नमाध्यमिकमा विशिष्टीकरण तालिका प्रयोगको आवश्यकता भन्ने उल्लेख छ र "प्रयोग गरी" भन्ने पदावली उल्लेख छैन । कुनै तहमा आवश्यकता राखिनु, कुनै तहमा प्रयोग राखिनु र कुनै तहमा मात्र प्रश्नपत्र निर्माण भनेर उल्लेख गरिएको छ । यसमा कुनै सान्दर्भिकता देखिदैन । माध्यमिक तहमा मात्र रुब्रिक्सको विषय उल्लेख गरिएको छैन । शब्दको प्रयोगमा पनि एकरूपता छैन । निम्नमाध्यमिक तहमा परीक्षणका साधनको विश्वसनीयता भनिएको छ भने माध्यमिक तहमा मूल्याङ्कनका साधनहरूको विश्वसनीयता भनिएको छ । मूल्याङ्कनका धेरै पक्षहरू तह विशेष हुँदैनन् । जस्तै रुब्रिक्स माध्यमिक तहमा राखिएको छैन । निरन्तर विद्यार्थी मूल्याङ्कनमा विश्वसनीयताको तथ्याङ्कशास्त्रीय गणना हुँदैन । पाँच शैक्षिक सत्र

शिक्षण सिकाइमा बिताएका शिक्षकको प्रतिस्पर्धात्मक परीक्षामा राखिएका यी विषयहरूले सैद्धान्तिक बुझाइको मापनमा जोड दिएका छन । तहगत रूपमा कुनै पनि विषयवस्तु किन यसरी राखिँदैन वा थप गरिन्छ ती थप गर्ने विषयवस्तुको सान्दर्भिकता के हो र ती विषयवस्तुको प्रयोगको अवस्थाको आधारहरू पाइँदैन । यसैगरी एउटै विषयमा कतै आवश्यकता र कतै प्रयोग भनेर अलग अलग पदावली प्रयोग गरिएको छ, यसमा विद्यार्थीमा हासिल गराउन खोजिएको ज्ञान र सिप के हो भन्ने स्पष्ट आधार पाइँदैन ।

शिक्षक सक्षमताको प्रारूप २०७२

शैक्षिक जनशक्ति विकास परिषद्बाट स्वीकृत भएको शिक्षक सक्षमताको प्रारूपमा सबैखाले शिक्षकका सक्षमताहरूलाई ८ वटा मुख्य समूहमा ३९ वटा सक्षमताहरू निर्धारण गरिएका छन् (शैक्षिक जनशक्ति विकास केन्द्र, २०७२) । प्रारूपमा उल्लेख भएका विभिन्न ३९ सक्षमताहरूमध्ये शिक्षण सिकाइका तौरतरिकासम्बन्धी ज्ञानअन्तर्गत उपयुक्त साधनको प्रयोग गरी सिकाइका विविध पक्षको मूल्याङ्कन गर्न, नतिजाको विश्लेषण गर्न तथा सोको उपयोग गर्न र सिकाइ सुनिश्चतताका लागि निरन्तर विद्यार्थी मूल्याङ्कन गरी आवश्यकताअनुसार उपचारात्मक शिक्षण गर्न भन्ने २ वटा सक्षमताहरू तोकिएको छ । यो प्रारूप जारी भएपश्चात बनाइएका शिक्षक सेवा आयोगका पाठ्यक्रममा नतिजा विश्लेषण र उपचारात्मक शिक्षणका विषयहरू सबै तहमा समावेश गरिएका छैनन् ।

शिक्षक तयारी का लागि निर्धारित गरिएको पाठ्यक्रम तथा उक्त पाठ्यक्रममा निर्धारण गरिएका विषयवस्तुहरूमा लम्बीय सङ्गठनको पालना भएको पाइँदैन जुन विषयहरू माथिको तालिका १ र २ को अध्ययनबाट थाहा पाउन सकिन्छ । कक्षा १२ मा स्नातकोत्तरमा अध्यापन गरिने धेरै विषयमा समानता छ । यसैगरी कुन तहमा के विषयवस्तु शिक्षण गर्ने र कुन तहका लागि के विषयवस्तु महत्त्वपूर्ण हो भन्ने पनि छुट्याइएको देखिएन । उदाहरणको लागि माध्यमिक तहको शिक्षक तयार गर्ने स्नातकोत्तर तहमा निरन्तर विद्यार्थी मूल्याङ्कनका विषयवस्तु उल्लेख छन र विद्यालयमा प्रयोगमा नआउने विश्वसनीयता मापन गर्ने तथ्याङ्कशास्त्रीय विधि राखिएको छ । शिक्षक तयारी कोर्समा जेजस्ता विषयवस्तुहरू छन् उस्तै विषयवस्तुहरू अध्यापन अनुमतिपत्र, शिक्षक छनोट परीक्षा र बढुवामा राखिएको छ । शिक्षक सेवा आयोगको पाठ्यक्रममा विषयवस्तु निर्धारणमा पनि एकरूपता छैन । जस्तै रुब्रिक्स तथा नतिजा विश्लेषणका विषयहरूलाई उदाहरणको रूपमा लिन सकिन्छ । विश्वविद्यालयको स्नातक र स्नातकोत्तर तहको भन्दा पनि शिक्षक सेवा आयोगको पाठ्यक्रममा कुनै सङ्गठित आधार र कुन विषय कुन तहका शिक्षकका लागि आवश्यक हो भन्नेमा ध्यान पुऱ्याएको देखिँदैन ।

शिक्षक तथा प्रधानाध्यापकका बुझाइ र अभ्यासहरू

नेपालमा सामुदायिक विद्यालयमा स्थायी शिक्षकको रूपमा नियुक्त हुनका लागि अध्यापन अनुमतिपत्र लिएको हुनुपर्ने र त्यसका लागि शिक्षाशास्त्र सङ्कायको अध्ययन वा तालिम लिएको हुनुपर्ने व्यवस्था छ । विद्यालयको कक्षा ११ र १२ तथा विश्वविद्यालयको स्नातक र स्नातकोत्तर तहको अध्ययन गर्ने क्रममा र शिक्षक सेवा आयोगको अध्यापन अनुमतिपत्र, खुला प्रतियोगितात्मक परीक्षामा परिक्षा र मूल्याङ्कनसम्बन्धी विषयको अध्ययन अध्यापन र परीक्षणसमेत हुन्छ । सेवाकालीन तालिम तथा अन्य लामा छोटा तालिममा पनि परीक्षा र मूल्याङ्कनका विषयवस्तु रहेकै हुन्छन् । यद्यपी ती विषयहरू

विद्यालयमा अभ्यासमा गइरहेका छन्, शिक्षकहरूकै बुझाइ र धारणा कस्तो रहेको छ ? कक्षा १ देखि ३ सम्मको एकिकृत पाठ्यक्रमको मूल्याङ्कन कसरी भइरहेको छ भन्नेमा केन्द्रित भएर सङ्कलन गरिएका परिमाणत्मक तथ्याङ्क तथा प्रतिनिधिमूलक रूपमा शिक्षक र प्रअबाट सङ्कलन गरिएका गुणात्मक जानकारी तल प्रस्तुत गरिएको छ ।

आन्तरिक मूल्याङ्कनको बुझाइ र अभ्यास

आन्तरिक मूल्याङ्कनले विद्यार्थीको सिकाइ मूल्याङ्कनको केही अंश विद्यालयमा सम्बन्धित विषय शिक्षकले गर्ने र बाँकी वर्षको अन्तिममा निर्णयात्मक मूल्याङ्कनको रूपमा गरी दुवै परीक्षाको प्राप्ताङ्कलाई जोडेर कक्षोन्नति गर्ने वा सिकाइ प्रमाणित गर्ने अभ्यास छ । आन्तरिक मूल्याङ्कन खासगरी विषय शिक्षकले शिक्षण सिकाइकै क्रममा सिकाइका लागि मूल्याङ्कन गर्ने, पृष्ठपोषण दिने र सिकाइमा सुधार ल्याउने तथा लिखित परीक्षाबाट मापन गर्ने नसकिने सिपहरूसमेत अन्य साधनको प्रयोगबाट मापन गर्ने भन्ने हो । आधारभूत शिक्षा पाठ्यक्रम कक्षा ४ देखि ८ सम्म आन्तरिक मूल्याङ्कनको भार ५० प्रतिशत तोकिएको छ । यसमा विद्यार्थी सहभागिता, परियोजना कार्य, विषय अनुसार सुनाइ बोलाइ तथा अन्य सामुहिक कार्य र २ वटा त्रैमासिक परीक्षासमेत समावेश गरिएको छ । विद्यालयहरूमा ५० प्रतिशत अङ्कभारको अन्तिम परीक्षा हुने भएकाले आन्तरिक मूल्याङ्कन गर्नुपर्ने ५० प्रतिशतको कुनै खास योजना तयार भए वा नभएको सन्दर्भमा गरिएको तथ्याङ्क सङ्कलनमा ५३ जना सहभागीको प्रतिक्रिया तालिका ६ मा प्रस्तुत गरिएको छ ।

तालिका ६

आन्तरिक मूल्याङ्कन योजना /अवस्था

मूल्याङ्कन योजना	अवस्था		यदि छ भने योजनाका विषयहरू (११ जना)
विद्यालयमा आन्तरिक मूल्याङ्कनका लागि अलग्गै योजना निर्माणको अवस्था	तयार गरिएको छैन । (४२ जना)	तयार गरिएको छ । (११ जना)	आन्तरिक मूल्याङ्कन रजिष्टर, पोर्टफोलियो, हाँजिरी, व्यक्तिगत सरसफाइ, सक्रियता, परियोजना कार्य, अनुशासन, अनुलेखन, श्रुतिलेखन, चित्रवर्णन, विशिष्टीकरण तालिकाले निर्धारण गरेबमोजिम, सुनाइ बोलाइ क्रियाकलाप

तालिका ६ अनुसार आन्तरिक मूल्याङ्कनको लागि व्यवस्थित योजना बनाउने र सो अनुसारका क्रियाकलाप गर्ने अवस्था विद्यालयमा नगण्य रूपमा पाइएको छ । आन्तरिक मूल्याङ्कनको योजना छ भन्ने प्रतिक्रिया दिने शिक्षक तथा प्रअका लागि यदि योजना बनाइएको छ भने त्यसमा के विषयहरू समावेश गरिएको छ भनेर थप प्रश्न पनि सोधिएको थियो । उक्त प्रश्नमा प्राप्त प्रतिक्रियाहरू अध्ययन गर्दा योजना छ भनिए पनि त्यसको खास अतिरिक्त योजना नभई पाठ्यक्रमले निर्धारण गरेका क्रियाकलापहरूलाई नै आन्तरिक मूल्याङ्कनको योजनामा समावेश गरेको पाइएको छ । आन्तरिक मूल्याङ्कनको भार ५० प्रतिशतमा त्रैमासिक परीक्षाको भार १० मात्र तोकिएको भए पनि यस अध्ययनमा

सहभागी भएका ९४ प्रतिशत विद्यालयहरूले त्रैमासिक परीक्षालाई मुख्य आधार बनाएको पाइएको छ ।

विद्यालय शिक्षाको राष्ट्रिय पाठ्यक्रम प्रारूप, २०७६ जारी भएपछि विद्यालय शिक्षाको सबै तह र विषयमा आन्तरिक मूल्याङ्कनको व्यवस्था गरियो र यसको कार्यान्वयन सुरु भएको छ । विद्यालयमा आन्तरिक मूल्याङ्कनलाई व्यवस्थित गर्ने प्रयास नभएको अवस्था एकातिर छ भने यसको पर्याप्त र प्रभावकारी अभिमुखीकरण समेत नभएको अध्ययनमा सहभागिहरूले व्यक्त गरेका छन् । आन्तरिक मूल्याङ्कनका सम्बन्धमा सहभागीको प्रतिक्रिया तालिका ७ मा प्रस्तुत गरिएको छ ।

तालिका ७

आन्तरिक मूल्याङ्कनप्रतिको धारणा

कथन	सहमत	असहमत
१) विद्यार्थीको वास्तविक सिकाइभन्दा बढी अङ्क दिने सम्भावना छ	४०	१३
२) वास्तविक मूल्याङ्कनका लागि शिक्षकले बढी मेहनत गर्नुपर्छ	४२	११
३) विद्यार्थीमा पढ्ने र मेहनत गर्ने बानी कम हुन्छ	३८	१५
४) सबै विषयमा राखिनु उपयुक्त हुँदैन	४६	७

तालिका ७ का आधारमा आन्तरिक मूल्याङ्कका कमजोरीहरूमा शिक्षक तथा प्रअहरू धेरै सहमत भएको देखिन्छ । सबै विषयमा आन्तरिक मूल्याङ्कनको व्यवस्थामा सबैभन्दा शिक्षक तथा प्रअको असमति रहेको छ । आन्तरिक मूल्याङ्कनको योजना नभएको र त्रैमासिक परीक्षालाई मात्र आन्तरिक मूल्याङ्कनको आधार बनाइएको सन्दर्भमा आन्तरिक मूल्याङ्कनका यी कथनहरूमा धेरै सहमत हुनु स्वभाविक पनि हो । आन्तरिक मूल्याङ्कन प्रभावकारी नहुँदा विद्यार्थीको सिकाइ क्रमश कमजोर हुँदै जाने देखिन्छ ।

यसको अतिरिक्त शिक्षकहरू र प्रधानाध्यापकसँग गरिएका अन्तर्वार्ताअनुसार विद्यालयमा आन्तरिक मूल्याङ्कनको पर्याप्त अभिमुखीकरण नभएको, अभिभावकहरूले परीक्षा र नतिजा खोज्ने हुनाले त्रैमासिक परीक्षामा जोड दिइएको, आन्तरिक मूल्याङ्कन झन्झटिलो हुने भएकाले शिक्षकहरूले यसमा रुची नगरेको जस्ता कारणहरू उल्लेख गरिएका छन् । यस अर्थमा कार्यान्वयनको अनुगमन गर्ने संयन्त्र नभएको र कार्यान्वयनमा अनिवार्य नगरिएको वा नगर्दा पनि हुने भन्ने सन्देश प्रवाह भएको देखिन्छ । एकजना सहभागी शिक्षकले प्रअले यसमा चासो नदेखाएको वा नेतृत्व नलिदा आफुले गर्न चाहेर पनि गर्न अनुकूल वातावरण नभएको उल्लेख गरेका छन् । प्रअले चासो नदिदा गर्ने एक्लो प्रयासले मात्र नहुने भएर आफूले नगरेको तथ्य बताउनु भएको छ । यस अर्थमा शिक्षकहरूलाई प्रअमार्फत परिचालन गर्ने कार्य महत्त्वपूर्ण हुन्छ भन्न सकिन्छ । तर प्रअले चासो मात्र नदिएको आधारमा शिक्षकले नगर्ने विषय पनि उत्तिकै अर्थपूर्ण हुन्छ । विषयगत रूपमा शिक्षण सिकाइको मूल्याङ्कनका लागि शिक्षक नै बढी जिम्मेवार हुन्छ र यस्तो अवस्थामा शिक्षक आफैले प्रयोग गर्ने र अन्य शिक्षकलाई पनि प्रयोगका लागि आग्रह गर्ने र प्रअसँग निरन्तर संवाद गर्ने कार्य अझ महत्त्वपूर्ण हुन्छ ।

कक्षा १ देखि ३ को एकीकृत मूल्याङ्कन कार्यान्वयन अवस्था

विद्यालय शिक्षाको कक्षा १ देखि ३ सम्मका लागि एकिकृत पाठ्यक्रम २०७६ ले विषयगत रूपमा सिकाइ उपलब्धिहरू निर्धारण गरी त्यसको विस्तृतीकरण प्रस्तुत गरेको छ । विस्तृतीकरणअनुसार शिक्षकहरूले तोकिएका सिकाइ उपलब्धिको मापन गरी विद्यार्थीको सिकाइ सुनिश्चित गरेको हुनुपर्छ र हरेक सिकाइ उपलब्धिमा १ देखि ४ सम्मको अङ्कन गर्ने गरी आधार निर्धारण गरिएको छ र सोअनुसार विद्यार्थीलाई थप सहायता उपलब्ध गराई सिकाइ सुनिश्चित गरेको हुनुपर्छ। यस तहमा कुनै विद्यार्थीको सिकाइ मूल्याङ्कन गर्न औपचारिक रूपमा लिइने त्रैमासिक वा वार्षिक परीक्षालाई स्थान दिइएको छैन र शिक्षकले आवश्यकताअनुसार विभिन्न प्रकारका फरक फरक परीक्षणका साधनहरू प्रयोग गर्न सक्ने आधार प्रदान गरिएको छ। यस अध्ययनमा सहभागी शिक्षक तथा प्रअहरूलाई विद्यालयमा कक्षा १ देखि ३ को मूल्याङ्कन कसरी भइरहेको छ भन्ने सम्बन्धमा गरिएको प्रश्नावलीमा प्राप्त प्रतिक्रिया चित्र १ मा प्रस्तुत गरिएको छ ।

चित्र १

कक्षा १ देखि ३ सम्म विद्यालयमा गरिएको परीक्षण अभ्यास



चित्र १ मा प्रस्तुत गरिएअनुसार पाठ्यक्रमले निर्धारण गरेको परीक्षण विधिहरूको कार्यान्वयन प्रभावकारी रूपमा भएको पाइएन। कक्षा १ देखि ३ को मूल्याङ्कन पद्धतिमा वार्षिक तथा अन्य लिखित परीक्षाहरूको व्यवस्था नभए पनि विद्यालयहरूले अन्य कक्षाहरूसँगै प्रारम्भिक बालविकास कक्षादेखि नै औपचारिक लिखित परीक्षाका अभ्यासहरू गरेको पाइन्छ। औपचारिक लिखित परीक्षा गर्नैपर्ने कारणहरूमा केही पालिकाहरूले नै कक्षा १ देखि ३ का लागि समेत त्रैमासिक परीक्षाको तालिका प्रकाशन गर्ने गरेकाले लिनुपरेको, अभिभावकले लिखित परीक्षा नभई नमान्ने भएकाले लिनुपरेको तथा परीक्षा नभए विद्यार्थीले पढ्दैनन् भन्ने जस्ता कारणहरू शिक्षक तथा प्रअबाट उल्लेख भएका छन् । यस आधारमा हेर्दा कक्षा १ देखि ३ को मूल्याङ्कन विधिको मुख्य उद्देश्य र त्यसको सञ्चालन विधिका सम्बन्धमा शिक्षक तथा प्रअहरूमा अभिमुखीकरण नपुगेको अथवा सिकाइका लागि मूल्याङ्कन भन्ने अवधारणालाई

कार्यान्वयन गर्न नसकिएको देखिन्छ । विश्वविद्यालयदेखि नै निर्माणात्मक मूल्याङ्कनको बारेमा प्रशस्त विषयहरू उल्लेख गरिएको भए पनि यसको कार्यान्वयन कमजोर रहेको देखिन्छ । यसको कार्यान्वयनमा समस्या हुनुमा मुख्य कारणमा तालिम तथा अभिमुखीकरण नपुगेको भन्ने दुई जना सहभागीको भनाई रहेको छ भने अन्य दुई जनाले यो विधिमा शिक्षकले धेरै मेहनत गर्नुपर्ने, परीक्षणका साधनहरू धेरै बनाउनुपर्ने भएकाले कार्यान्वयन नभएको बताएका छन् । यसमा दुवै विषयहरू महत्त्वपूर्ण नै भएपनि विद्यार्थीको सिकाइ सुनिश्चित गर्नका लागि शिक्षकहरूले यसका लागि थप मेहनत गर्नुपर्ने नै हुन्छ जुन नभएको अवस्था पाइएको छ । आचार्य (२०८१क) ले उल्लेख गरेअनुसार एकीकृत पाठ्यक्रमअनुसारको मूल्याङ्कन औपचारिक मात्र भएको, पाठ्यक्रम विकास केन्द्रबाट बनाइएको निर्देशिका नै अस्पष्ट र झन्झटिलो भएको छ । एउटै सिकाइ उपलब्धिहरू धेरै थिममा समावेश गरेर शिक्षकमा द्विविधा उत्पन्न गराएको छ ।

परीक्षणप्रतिको शिक्षक तथा प्रधानाध्यापकको बुझाइ

यो अध्ययनमा सहभागी २८ शिक्षक र २५ प्रधानाध्यापकहरू सबैजना स्थायी पदमा कार्यरत शिक्षक भएकाले कम्तीमा १२ कक्षा उत्तीर्ण र आधारभूत तहको शिक्षक सेवा आयोगको अध्यापन अनुमतिपत्र प्राप्त तथा खुला प्रतियोगितात्मक परीक्षा उत्तीर्ण गरेका शिक्षकहरू हुन । यसबाहेक पाठ्यक्रम प्रबोधीकरण तथा अन्य छोटा तालिमहरूमा प्रश्न निर्माण र परीक्षासम्बन्धी अभिमुखीकरणमा सहभागी भएका छन् । यी सहभागीहरूको आन्तरिक मूल्याङ्कन तथा समग्र परीक्षा प्रणाली र एकीकृत पाठ्यक्रमको मूल्याङ्कन पद्धतिका सम्बन्धमा प्रस्तुत गरेको बुझाइले परीक्षणका थुप्रै अवधारणाहरूमा स्पष्ट दृष्टिकोण नभएको देखिन्छ । विद्यालय तहको परीक्षा प्रणाली र प्रभावकारी सिकाइ परीक्षणका लागि आवश्यक पर्ने ज्ञान तथा सिपको बुझाइका लागि दिइएका केही कथनहरूमा प्राप्त प्रतिक्रिया तलको तालिका ८ मा प्रस्तुत गरिएको छ ।

तालिका ८

विद्यार्थीको सिकाइ परीक्षण प्रतिको शिक्षक तथा प्रधानाध्यापकको बुझाइ

कथन	धेरै राम्रो छ	ठिकै छ	राम्रो छैन
१) विद्यार्थीको सिकाइ परीक्षण र मूल्याङ्कनका पक्षमा मेरो बुझाइको अवस्था	१२	३१	७
२) विद्यार्थी सिकाइमा प्रयोग हुने Rubrics को बारेमा बुझाइको अवस्था	५	१५	२८
३) कक्षामा शिक्षण सिकाइमा सिकाइ सुधारका लागि निर्माणात्मक मूल्याङ्कनका साधन प्रयोग गर्ने सिप	७	२९	१६
४) विद्यार्थीको सिकाइ परीक्षणका विषयमा विद्यालयका अन्य साथीहरूलाई पनि सिकाउन सक्ने क्षमता	६	३९	६
५) विद्यालयका सिकाइ परीक्षण र मूल्याङ्कनका सम्बन्धमा समूहमा समस्या समाधान गर्ने अभ्यास	५	२५	१८

तालिका ८ अनुसार विश्वविद्यालयको पूर्व सेवाकालीन शिक्षक तयारी कोर्सदेखि सेवा प्रवेशका लागि लिइने प्रतियोगितात्मक लिखित परीक्षा र विभिन्न तालिम तथा अभिमुखीकरणणमा सहभागी भएका लामो शैक्षणिक अनुभव भएका शिक्षक तथा प्रअहरूमा समेतमा विद्यार्थीको सिकाइ परीक्षण, मूल्याङ्कन, निर्माणात्मक मूल्याङ्कनलगायतका विषयको बुझाइ राम्रो भएका शिक्षकको सङ्ख्या न्यून रहेको छ । परीक्षणका सबै पक्षमा ७० प्रतिशतभन्दा बढी शिक्षकको बुझाइ ठिकै र राम्रो छैन भन्ने समूहमा परेको हुँदा सामान्य स्तरको बुझाइ भन्न सकिन्छ । सैद्धान्तिक रूपमा यी विषयहरूमा बुझ्नु र परीक्षणका साधनलाई शिक्षण सिकाइकै क्रममा प्रयोग गर्ने तथा विद्यार्थीको सिकाइ सुधारमा यसको प्रयोग गर्ने विषय फरक हुन । विद्यालयमा सामूहिक रूपमा छलफल हुने तथा समस्या समाधान गर्ने र विद्यार्थीको सिकाइका लागि परीक्षणलाई उपयोग गर्ने प्रचलन निकै नै कम रहेको छ ।

विद्यालयमा भएका परीक्षासम्बन्धी अभ्यास र अवस्था

विद्यालयहरूमा खासगरी परीक्षाकेन्द्रित शिक्षण सिकाइमा जोड दिने गरेको पाइन्छ (आचार्य, २०७८) । विद्यालयका परीक्षाहरू पनि अङ्क, उत्तीर्ण र अनुत्तीर्ण तथा पहिलो, दोस्रो बनाउनेमा केन्द्रित छन् । विश्वविद्यालयको ज्ञान र प्रतियोगितात्मक परीक्षाको विषयवस्तु कक्षाकोठा र विद्यालयमा पुग्न सकेको पाइएन । शिक्षक सेवा आयोगको पाठ्यक्रममा निर्धारित विषयहरूले पनि सैद्धान्तिक ज्ञानको मात्र परीक्षण गरेका छन् । अन्तर्वार्ताका सहभागीमध्ये सबैले अनुगमन नभएको र कार्यान्वयन गर्ने र नगर्नेमा कुनै भिन्नता नभएकाले नगर्दा पनि त हुने रहेछ भन्ने बुझाइ विकास हुँदै गएको बताएका छन् । तर यीमध्ये एकजना सहभागी प्रअको विचार अलि फरक छ । उनका अनुसार कार्यान्वयनका लागि अनुगमन गर्नुपर्ने भन्ने त होइन तर अनुगमन भन्ने पक्ष कति पनि भएन । केही नबुझ्दा सोधीखोजी गर्ने व्यक्ति पनि भएन । यसले गर्दा नगर्दा पनि हुने रहेछ भन्ने धारणा विकास हुदै गयो जुन समस्या भएको भन्ने उनको भनाई रहेको छ। पालिकाले परीक्षामा नियन्त्रणमुखी अभ्यास गरेको र आफूले एउटा विद्यालयले मात्र गर्न खोज्दा अन्य विद्यालयले गरिरहेका छैनन् भने हामीले किन गर्ने भन्ने सहकर्मी शिक्षकहरूको धारणाले गर्दा विद्यालयमा परीक्षाका अभ्यासहरूलाई कार्यान्वयन गर्न नसकेको भनाई प्रधानाध्यापकको रहेको छ । राम्रो काम एक्लै गरेर उदाहरणीय बन्न पनि त सकिन्थ्यो भन्ने प्रश्नमा हालका विद्यालयका परीक्षाका अभ्यासले नतिजालाई सुनिश्चिता नगर्ने भएकाले यसको सट्टा माध्यमिक तहमा साप्ताहिक रूपमा लिखित परीक्षा लिने, अतिरिक्त कक्षा सञ्चालन गर्ने, पुराना प्रश्नहरूको अभ्यास गराउने कार्यले एसइईको परीक्षामा नतिजा दिने भएकाले आफूहरूले पनि विद्यालयमा सोही खालका अभ्यास गर्ने गरेको प्रअको भनाई रहेको छ । यसले नेपालको विद्यालय तहमा शिक्षक तथा प्रधानाध्यापकहरूमा परीक्षाप्रतिको बुझाइ र अभ्यासमा थुप्रै समस्याहरू रहेको देखिन्छ ।

एकजना सहभागी शिक्षकले आफूले एक्लै भएपनि गर्ने प्रयास गरेको तर विद्यालय प्रशासनले साथ नदिएको भन्ने भनाई राख्नुभयो । आन्तरिक मूल्याङ्कनको योजना तयार गरी आफूले शिक्षण गर्ने विषयमा ५० पूर्णाङ्कको पुरै अङ्कविभाजन गरी विस्तृत फारम विकास गरेर अभिलेख राखेर नतिजा तयार गरेको तर अन्तिममा विद्यालयको परीक्षा शाखाले एकमुष्ठ अङ्क माग गरेको र त्यसो गर्दा समय लाग्ने भएपछि विद्यालय प्रशासनले आफै अङ्क राखेर नतिजा निकालेको अवस्था भोग्नुपरेको उहाँको भनाई रह्यो । यसपछि उहाँले आन्तरिक मूल्याङ्कनका मापदण्ड पालना नगरेको र यसमा विद्यालयमा

कसैले पनि सोधीखोजी नगर्ने अवस्था भएको बताउनुभयो । यसबाट विद्यालयको आन्तरिक मूल्याङ्कन प्रणालीको बुझाइ, प्रअको नेतृत्वलगायतका थुप्रै विषयहरूमा समस्या रहेको निष्कर्ष निकाल्न सकिन्छ ।

अन्तर्वार्तामा सहभागी एक नवप्रवेशी शिक्षकको अनुभवले यो पक्षमा सुधार ल्याउन निकै कठिन छ भन्ने देखिन्छ । यस सम्बन्धमा उहाँको विचार यस्तो थियो :

> म विद्यालयमा नियुक्ति भएर गएपछि आन्तरिक मूल्याङ्कनका कुनै पनि क्रियाकलाप भएका थिएनन् । कक्षा १ देखि ३ को पनि त्रैमासिक परीक्षा हुने गरेको रहेछ । मैले आफूले जानेको पाठ्यक्रमको कुरा बताएँ । मूल्याङ्कनका विधिहरूको बारेमा बताएँ । प्रअले हो, अब विस्तारै गरौँला भन्दै गर्नुभयो । मैले सहकर्मी साथीहरूसँग कुरा गरेँ, उहाँहरू कसैले पनि चासो दिइरहनुभएको थिएन । पहिलो त्रैमासिक परीक्षाको समय हुदै थियो । एउटा पेसागत सङ्गठनले परीक्षा तालिका निकाल्ने रहेछ, मैले यस्तो त होइन नि यो त स्कुलले आफैँ मिलाएर गर्नुपर्छ भनेँ । तर त्यसबाट मैले पाएको प्रतिक्रियाले किन बोलेछु भन्ने बनायो । "तपाईं किन जान्ने हुनुपरेको पढाउने काम गर्नुस खुरूखुरू ।" भाषा यही नभए पनि आसय यस्तै थियो ।" परीक्षा तालिकाअनुसार प्रश्न पनि उतैबाट आउने रहेछन् । प्रश्न खरिद गर्न विद्यार्थीसँग परीक्षा शुल्क लिइने रहेछ । मैले धेरै कुरामा बिमती राख्दै गएँ तर जति बिमती राख्दै गएँ त्यति नै एक्लै हुँदै गएँ र आलोचित हुँदै गएँ । धेरै जान्नेसुन्ने बनेको भन्ने उपमा पाए । परीक्षाको उत्तरपुस्तिका परीक्षण गरेपछि सबै विद्यार्थीको उत्तरपुस्तिका कक्षामा वितरण गरेर छलफल गराउने गरेको थिएँ । यो कुरा मन परेर विद्यार्थीले अरू शिक्षकसँग पनि हाम्रो कापी दिनुस न हामी हेर्छौं भनेछन् । त्यसपछि यो विषय विद्यालयको ठूलो चर्चाको विषय बन्यो र मलाई अब आइन्दा विद्यालय प्रशासनलाई जानकारी नगराई वा अनुमति नलिई यस्ता काम नगर्नु भन्ने आदेश भयो । अचेल म कक्षाकोठाको पढाइ कसरी राम्रो बनाउन सकिन्छ भन्ने चिन्तनमा पनि लाग्न छोडे । सुधार गरौँ भन्ने हुटहुटी थियो, त्यो अब छैन । पालिकाले यस्ता विषयमा ध्यान पुऱ्याएको छैन । परीक्षा प्रणालीलाई प्रभावकारी रूपमा कार्यान्वयन गर्ने जिम्मेवारी कसको भन्ने पनि थाहा छैन । यस्तो अवस्था धेरै विद्यालयमा रहेको छ । त्रैमासिक परीक्षाका तालिका निकाल्ने र प्रश्नपत्र बिक्री गर्ने काममा शिक्षकका सङ्घ सङ्गठनहरू नै लागेका छन् । शिक्षकका पेसागत सङ्गठनको यस्तो कामको विषयलाई समावेश गरी सुब्बा (२०८०) को "शिक्षकका सङ्घसङ्गठन प्रश्नपत्रको व्यापारमा" भन्ने शीर्षकमा एक आलेख प्रकाशित छ । यी गतिविधिले परीक्षा नीतिको कार्यान्वयन, शिक्षकको क्षमता विकासका अवसर र शिक्षकको पेसागत विकासका गतिविधिमा समेत असर परेको छ ।

शिक्षक पूर्वतयारी तथा पूर्वसेवाकालीन तालिमका रूपमा रहेको शिक्षाशास्त्र सङ्कायमै पर्याप्त रूपमा परीक्षण तथा मूल्याङ्कनसम्बन्धी विषयहरूको पठनपाठन हुने र शिक्षण पेसामा सेवाप्रवेश गर्ने क्रममा समेत यी विषयको परीक्षण हुने तर विद्यालयमा प्रभावकारी प्रयोगमा नआएको सन्दर्भमा गरिएका केही सघन कुराकानीका आधारमा खासगरी विश्वविद्यालयको पूर्वतयारीको कोर्स सैद्धान्तिक भएको भन्नेमा सबैको सहमति छ । तर विश्वविद्यालमा हुने अध्ययन, शिक्षक सेवा आयोगका परीक्षामा सोधिने प्रश्न र विद्यालयमा गर्ने अभ्यासहरूमा सम्बन्ध स्थापित हुन नसकेको देखिन्छ । कतिपय विषयवस्तुहरू

विश्वविद्यालयमा परिचयात्मक तरिकाको र सतही हुने तर विद्यालयमा त्यसको अभ्यासलाई पर्याप्त ज्ञान नै नहुने भन्ने भनाई शिक्षकको रहेको छ । परीक्षाका औपचारिक कामका लागि विद्यालयहरूले वर्षौंदेखि गरेका अभ्यास निरन्तर हुने तर नयाँ अभ्यास र प्रयासले कुनै पनि स्थान पाउने अवस्था नहुने देखिन्छ । प्रतियोगितात्मक परीक्षामा सोधिने प्रश्नले तथ्य र कण्ठ गर्ने ज्ञानको मात्र परीक्षण गर्ने र विद्यालयमा आधारित क्षमता विकासका कार्यक्रमहरू कम हुने गरेको विषय सबैजनाले जोड दिनुभएको छ । शिक्षकको रूपमा अन्तर्वार्तामा सहभागी दुवैजना शिक्षकको जोड प्रधानाध्यापकहरूको नेतृत्व क्षमता, यो विषयको बुझाइ र विद्यालयमा यसलाई प्रभावकारी रूपमा लागु गर्नुपर्छ भन्ने सवालमा जिम्मेवारीबोध नगरेको भन्ने रहेको छ । विद्यालयमा समग्र शिक्षकको समूहले चासो नराख्दा एकदुईजनाले मात्र गर्न खोजेर सम्भव नहुने भनाइँ उहाँहरूमा रहेको छ । यसको ठिक विपरीत १ जना प्रधानाध्यापकले शिक्षकहरूले यसलाई कार्यान्वयनमा लैजान अल्छी गर्ने, अरुले पनि त गरेका छैनन् हामीले किन गर्ने भन्ने जस्ता भनाइहरू आउने र आफूले जबर्जस्त रूपमा कार्यान्वयन गराउन नसकिरहेको बताएका छन् । शिक्षक र प्रअहरूका भनाईहरू एकआपसमा विरोधाभासपूर्ण पनि छन । यस अध्ययनका सहभागी शिक्षक र प्रधानाध्यापक एउटै विद्यालयको नभएको हुनाले दुवै पक्षका कुरामा विश्वास गर्न सकिन्छ । तर शिक्षक र प्रअ दुवैको विश्वविद्यालयको पढाइ सैद्धान्तिक भएको, अभिमुखीकरणण पर्याप्त र प्रभावकारी नभएको तथा शिक्षक सेवा आयोगको परीक्षाका प्रश्नको ज्ञानले कक्षामा प्रभावकारी मूल्याङ्कन हुन नसक्ने भन्नेमा सहमति देखिन्छ । एकजना शिक्षक सहभागीले परीक्षण र मूल्याङ्कनको क्षमता विकासमा स्थानीय पालिकाहरूले पनि ध्यान नदिएको विषयलाई उल्लेख गरेका छन् । कक्षा १ देखि ३ को संयोजकका रूपमा कार्यरत शिक्षकका अनुसार परम्परागत मूल्याङ्कन प्रणालीबाट काम गर्न सजिलो भएको, अभिभावकले परीक्षा र अङ्क नै खोज्ने र विद्यालय प्रशासनले पनि अन्तिममा नतिजामै जोड दिने हुनाले आफूहरू लिखित परीक्षा र परम्परागत मूल्याङ्कन प्रणालीनै प्रयोग गरिरहेको बताउनुभयो । प्रस्तुत तथ्यहरूका आधारमा हेर्दा विश्वविद्यालयको तयारी गुणस्तरीय नहुनु प्रतिस्पर्धात्मक परीक्षामा स्मरण गरेको आधारमा उत्तर दिन सकिने प्रश्नहरू सोधिनु र सबै शिक्षकहरूलाई तालिम र अभिमुखीकरणण नहुनेजस्ता विषयहरू साझा रूपमा रहेका छन् । परीक्षा र नतिजाको सामाजिक सांस्कृतिक पक्षले पनि परम्परागत परीक्षामा सुधारका लागि दबाव परेको छैन । उत्तीर्ण र अनुत्तीर्ण तथा श्रेणीकरण गरी उच्च स्थानमा आउनुलाई सामाजिक प्रतिष्ठा मान्ने संस्कारले समग्र शिक्षण सिकाइलाई नै परीक्षा र अङ्कमा केन्द्रित बनाएको देखिन्छ (युनेस्को, सन् २०१८) ।

विद्यालयमा तथा कक्षाकोठाको शिक्षण सिकाइ प्रक्रियामा विद्यार्थीको सिकाइ परीक्षण, त्यसको आधारमा विद्यार्थीको सिकाइस्तरको पहिचान, सिकाइका कठिनाइ क्षेत्रका आधारमा वैयक्तिक रूपमा सहयोग गर्ने पद्धतिको विकास हुन सकेको छैन । परीक्षण र मूल्याङ्कनको सैद्धान्तिक बुझाइले मात्र विद्यालयको शिक्षण सिकाइमा सुधार ल्याउन सक्दैन । विश्वविद्यालयको शिक्षक तयारी कोर्स सैद्धान्तिक ढाँचाको छ । शिक्षक सेवा आयोगका पाठ्यक्रम र परीक्षण विधि सैद्धान्तिक छन् । शिक्षक सक्षमताको प्रारूपमा विद्यार्थी मूल्याङ्कनको सक्षमतालाई अत्यन्त कम भार दिइएको छ । कूल ३९ सक्षमताहरूमध्ये सिकाइ परीक्षणका २ वटा सक्षमताहरू छन् । समग्रमा शिक्षण विधिकै सक्षमता थोरै छन र कक्षाकोठाको शिक्षण सिकाइमा योगदान गर्ने गरी परीक्षणलाई प्रयोग गर्ने र सिकाइमा सुधारका लागि जवाफदेही हुने

संयन्त्र छैन । एउटै विद्यालयमा २ जना शिक्षकले फरक फरक खालको अभ्यास गरिरहेको अवस्था छ भने विद्यालयअनुसार, पालिकाअनुसार परीक्षणका फरक विधि र अभ्यासहरू प्रयोगमा भएको पाइन्छ । विद्यालयका परीक्षा सञ्चालनका मात्र होइन आधारभूत तह कक्षा ८ को अन्तिममा हुने पालिकास्तरीय परीक्षामासमेत प्रश्न निर्माणदेखि नतिजा प्रकाशनसम्मका क्रियाकलापमा २० भन्दा बढी फरक फरक अभ्यासहरू भएको पाइएको छ (आचार्य, २०८१ख) । पालिकाहरूले सिकाइमा भन्दा बढी परीक्षाको व्यवस्थापन र नियन्त्रणमा जोड दिएका छन् । अन्तर्वार्तामा सहभागीमध्ये ४ पालिकामा त्रैमासिक परीक्षासमेत पालिकाले लिने अभ्यास गरेको छ र यो पूर्णतया नियन्त्रणमुखी छ । पालिकाले लिने यस प्रकारका परीक्षाका विधिले शिक्षकहरूमा क्षमता विकास गर्ने अवसरलाई खुम्च्याएको समेत देखिन्छ । विद्यालय तहको विभिन्न तहमा विद्यार्थी सिकाइ परीक्षणका फरक फरक अभ्यासहरू गरिए पनि समग्रमा सिकाइ परीक्षणमा लिखित परीक्षाको भार बढी देखिन्छ र यसको प्रयोगमा जोड दिइएको छ । शिक्षण सिकाइ परीक्षा अङ्क प्राप्त गर्ने र परीक्षा उत्तीर्ण गर्नेमा केन्द्रित भएकाले लिखित परीक्षमा जोड दिनु स्वभाविक हुने देखिन्छ । यस सन्दर्भमा विद्यार्थीको सिकाइ परीक्षणसम्बन्धी ज्ञान तथा सिपलाई सैद्धान्तिकभन्दा व्यावहारिक बनाउने, सहयोग र सहकार्य सिकाइ पद्धति तथा नजिामुखी शिक्षण सिकाइका लागि परीक्षणलाई विश्वसनीय र वैध बनाउँदै सिकाइका लागि मूल्याङ्कन गर्ने पद्धतिको विकास गर्नु आवश्यक देखिन्छ ।

निष्कर्ष

विश्वविद्यालयमा शिक्षक तयारीको लागि निर्धारण गरिएको पाठ्यक्रमको विश्लेषण र शिक्षक अध्यापन अनुमतिपत्र तथा खुला प्रतियोगिता र आन्तरिक बढुवाका प्रतियोगितात्मक परीक्षाको निर्धारित पाठ्यक्रममा विद्यार्थीको सिकाइ उपलब्धि मूल्याङ्कन, परीक्षण र यससँग सम्बन्धित विषयहरू पर्याप्त मात्रामा राखिएका छन् तर ती सबै विषयवस्तुको विश्लेषणका आधारमा विषयवस्तु दोहोरिएको तथा तहगत रूपमा सङ्गठित नभएको पाइएको छ । विद्यालयहरूमा पाठ्यक्रमले निर्धारण गरेअनुसारका मूल्याङ्कनका अभ्यासहरू प्रभावकारी भएको पाइएन । शिक्षक र प्रधानाध्यापकसँग गरिएको अर्न्तवार्ताका आधारमा विश्वविद्यालय तथा शिक्षक सेवा आयोगमा निर्धारित विषयको ज्ञान र बुझाइले मात्र विद्यालयमा प्रयोगमा कठिनाइ भएको भन्ने पाइएको छ । विद्यालयको समग्र सिकाइ वातावरणले पनि यसमा प्रभाव पारेका देखिन्छ । शिक्षक तथा प्रअहरूको सिकाइ परीक्षणप्रतिको बुझाइको स्तर पनि पर्याप्त नभएको पाइयो । विश्वविद्यालयको पाठ्यक्रम, शिक्षण सिकाइ प्रक्रिया र शिक्षक सेवा आयोगको पाठ्यक्रम र परीक्षामा सोधिने प्रश्नहरूमा आवश्यक परिमार्जन गर्दै परीक्षणलाई प्रभावकारी बनाउन शिक्षक तथा प्रअको क्षमता विकास, अनुगमन तथा सहायता प्रणालीलाई स्थापित गरी जवाफदेही शैक्षिक प्रणाली र परीक्षण साक्षरता सुधारमा ध्यान दिनु आवश्यक छ ।

सन्दर्भसामग्री

आचार्य, देवीराम, (२०८१क), सिकाइस्तर सुधारः विद्यालय शिक्षामा परीक्षासम्बन्धी अभ्यास र समस्या, *एजुकेसन रिभ्यु जर्नल,* शैक्षिक गुणस्तर परीक्षण केन्द्र । https://ero.gov.np/post/9_66b9bd0933834

आचार्य, देवीराम (२०८१ख), कक्षा ८ को नतिजा : यथार्थ अर्कै छ, *शिक्षक मासिक,* जेठ २०८१, ज्ञान, विज्ञान शैक्षिक सहकारी संस्था लिमिटेड ।

आचार्य, देवीराम (२०७८), परीक्षा केन्द्रित शिक्षण सिकाइ र कमजोर सिकाइस्तर, *शैक्षिक स्मारिका,* शिक्षा तथा मानव स्रोत विकास केन्द्र ।

पाठ्यक्रम विकास केन्द्र, (२०७६), *माध्यमिक शिक्षा पाठ्यक्रम २०७६* । https://moecdc.gov.np/en/curriculum

पाठ्यक्रम विकास केन्द्र, (२०७६), *राष्ट्रिय पाठ्यक्रम प्रारूप २०७६* । https://moecdc.gov.np/en/policies-guidelines

विश्वविद्यालय अनुदान आयोग, (२०८०), *शैक्षिक सूचना व्यवस्थापन प्रणाली प्रतिवेदन २०७९/८०* । https://www.ugcnepal.edu.np/

शिक्षक सेवा आयोग, (२०७८), *अध्यापन अनुमतिपत्रको पाठ्यक्रम २०७८* । https://tsc.gov.np/download?t=89

शिक्षक सेवा आयोग, (२०७८), *खुला प्रतियोगितात्मक परीक्षाको पाठ्यक्रम २०७८* । https://tsc.gov.np/download?t=89

शिक्षक सेवा आयोग, (२०७६), *शिक्षक बढुवा (आन्तरिक प्रतियोगिता) को पाठ्यक्रम २०७६* । https://tsc.gov.np/download?t=89

शिक्षक सेवा आयोग, (२०८१), सोह्रौं वार्षिक प्रतिवेदन, २०८०/८१, https://tsc.gov.np/download?t=88.

शिक्षाशास्त्र सङ्काय, (२०८०), स्नातक तथा स्नातकोत्तर तहको पाठ्यक्रम । http://tufoe.edu.np/index.php/curriculum/master-of-education-m-ed

शैक्षिक जनशक्ति विकास केन्द्र, (२०७२), *शिक्षक सक्षमताको प्रारूप २०७२,* शैक्षिक जनशक्ति विकास केन्द्र ।

सुब्बा, रोश्ना, (२०८०), शिक्षकक सङ्घ सङ्गठन प्रश्नपत्रको व्यापारमा, *शिक्षक मासिक,* फागुन २०८० । ज्ञान, विज्ञान शैक्षिक सहकारी संस्था लिमिटेड ।

Brookhart, S. M. (2011). Educational assessment knowledge and skills for teachers. *Educational Measurement: Issues and Practice, 1. 3-12. doi. 10.1111/J.1745-3992.2010.00195.X.*

McMillan, J. H., (2000). fundamental assessment principles for teachers and school administrators. *Practical Assessment, Research, and Evaluation 7*(1): 8. doi: https://doi.org/10.7275/5kc4-jy05

National Council on Measurement in Education. (1990). *The standards for competence in the educational assessment of students*. Retrieved July 22, 2024, from http://www.buros.org

Popham, W. J. (2009). *Assessment literacy for teachers: faddish or fundamental.* doi.org/10.1080/00405840802577536

UNESCO (2018). *The culture of testing: sociocultural impacts on learning in Asia and the Pacific*. https://unesdoc.unesco.org/ark:/48223/pf0000261955

Wagner, D. A. (2011). *Smaller, quicker, cheaper, improving learning assessments for developing countries*. International Institute for Educational Planning.

Nelson, H. (2013). *Testing more, teaching less*. American Federation of Teachers.

Xu, Y., Brown, G. T. (2016). Teacher assessment literacy in practice. *Teaching and teacher Education*. *doi.org/10.1016/j.tate.2016.05.010*